# ठाकुरबाबा नगरपालिका


## नगर कार्यपालिकाको कार्यालय

बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**पोषण तथा खाद्य सुरक्षा रणनीतिक योजना**

**(२०८०/०८१–२०८२/०८३)**




२०८०

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको साविकका गाउँ विकास समितिहरू बगनाह र नेउलापुरलाई समेटी मिति २०७२ असोज २ मा बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गा.वि.स.लाई समेत समेटी वि.सं २०७३ फाल्गुन २७ मा ठाकुरबाबा नगरपालिका स्थापना गरिएको हो। संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २ (क) मा पर्दछ। यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मुल्य मान्यताको आधारमा ९ वटा वडामा विभाजन गरिएको छ। भौगोलिक हिसाबले यस ठाकुरबाबा नगरपालिका पूर्व, पश्चिम र उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछन्। २०७५ को घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकाको १०,६६७ घरधुरी र कुल जनसंख्या रहेको ५५,८१४ जस मध्ये पुरुष २७,३०२ महिला २८,५११ र अन्य १ जना रहेको छ। यो नगरपालिका अक्षांश २८ डिग्री २३ मिनेट देखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म र ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ। यहाँको जनघनत्व ५३४ रहेको छ। सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाईमा रहको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ८ डिग्री सेल्सीयस देखि अधिकतम ४३ डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ११२० मि.लि.हुने गरेको छ। यातायात सहज भएको यस क्षेत्र जिल्ला सदरमुकाम गुलरीयाबाट २२ किलोमिटर दुरीमा उत्तर पश्चिममा अवस्थित छ।

प्रशासनिक कामका लागी सदरमुकाम जानुपर्ने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरीगाँउ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाईन्छ। नगरपालिकाबाट मुख्य राजमार्ग भएर जुनसुकै बेला अन्य जिल्ला तथा भुरीगाँउ ढोढरी मार्गले गुलरीया सदरमुकामलाई जोडेको छ जसले गर्दा मानिसहरुलाई आवतजावत गर्न सजिलो भएको छ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रलाई मेरुदण्डको रुपमा लिईन्छ। नेपालको संविधानको अनूसूची ८ अनुसार स्थानीय योजना र परियोजनाको विकासका साथै कृषि र पशुपालन व्यवस्थापन स्थानीय निकायको अधिकार क्षेत्रभित्र पर्दछन्। खाद्य तथा पोषण सुरक्षा आफैमा बहुआयामिक विषय हुनुका साथै यसको सुनिश्चितताको लागि कृषि क्षेत्रको अहम् भूमिका रहेको हुन्छ। नेपालको संविधान २०७२को भाग ३ धारा ३६ मा खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। नेपाल सरकारले खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितताको लागि विभिन्न राष्ट्रिय नीति तथा कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्नुका साथै विभिन्न अन्तराष्ट्रिय सम्झौता तथा सहमतिहरुको पक्ष राष्ट्रको रुपमा कार्य गरिरहेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ ले स्थानीय निकायहरूले स्थानीय तहको आवधिक, वार्षिक, मध्यम र दीर्घकालीन क्षेत्रगत रणनीतिक योजना तर्जुमा र कार्यान्वयन गर्ने अधिकार समेत प्रदान गरेको छ। सोही अधिकारको आधारमा यस ठाकुरबाबा नगरपालीकाको खाद्य तथा पोषण सुरक्षा रणनीति मार्फत लगानीका क्षेत्रहरू पहिचान गरी योजना कार्यान्वयन गर्न यो रणनीति तयार गरीएको छ। यो रणनीतिले आगामी ३ वर्षमा खाद्य तथा कृषिमा लगानीका लागी उचित कार्य दिशा र आधारहरूको पहिचान गरी खाद्य तथा पोषण सुरक्षाका लागी आधार तय गर्नेछ। खाद्य तथा पोषण सुरक्षा रणनीतिले उत्पादनको क्षेत्रमा लगानी गर्नका लागि सम्भाव्य दातृ संस्थाहरू, विकास साझेदार संस्थाहरूलाई समेत स्पष्ट दिशानिर्देश गर्नुका साथै श्रोतको उचित सदुपयोग गर्दै लगानीमा दोहोरोपनको अन्त्य गर्नेछ। आ.व. २०८०/०८१ देखि लागू हुने यो तीन वर्षे रणनीतिका मुख्य उद्देश्य नगरपालीकाले खाद्य तथा पोषण सुरक्षामा आधारित अर्थतन्त्रलाई मजबुत बनाउँदै दीगो खाद्य तथा पोषण सुरक्षा सुनिश्चत गर्न कृषि क्षेत्रको आधुनिकीकरण मार्फत कृषकहरूको आयस्तर वृद्धि गरी जीवीकोपार्जनमा सुधार खाद्य तथा पोषण सुरक्षाको अबस्थामा सुधार ल्याउन दिशानिर्देश गर्नु रहेको छ। यस रणनीतिमा नगरपालिकाको विद्यमान खाद्य तथा पोषण अवस्थाको आधारमा लगानीका क्षेत्रहरूको पहिचान गरिएको छ। नेपाल दिगो विकासका लक्षहरु को पक्ष राष्ट्र हो, नेपाल सरकारको

दिर्घकालीन सोच २१००, पन्धौ योजना तथा कृषि विकास रणनीति लगायतका विभिन्न नीति तथा योजनाहरुमा खाद्य तथा पोषण सुरक्षाले विशेष महत्व पाएका छन् । कृषि क्षेत्रको समग्र विकासको लागि नेपाल सरकारले कार्यन्वयनमा ल्याएको कृषि विकास रणनिति (२०१५ देखि २०३५) अनुसार "खाद्य तथा पोषण सुरक्षामा सुधार" सम्बन्धि उद्देश्य हासिल गर्न र कृषि विकास रणनितिको परिकल्पनामा रहेका समावेशी, जिविकोपार्जन र खाद्य तथा पोषण सुरक्षा जस्ता सम्भागका सूचकहरुको लक्ष्य प्राप्त गर्नस दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न नेपाल सरकारले गरेको प्रतिबद्धता अन्तर्गतका लक्ष्यहरु गरिबिको अन्त्य, शुन्य भोकमरी, लैंगिक समानता र जलवायु सम्बन्धि कारवाही हासिल गर्न साथै नेपाल सरकारको पन्ध्रौं योजनामा उल्लेखित सूचकहरु जलवायु परिवर्तन अनुकुलशिलता, ५ वर्ष मुनिका कम तौल भएका बालबालिका, बाल मृत्युदर, मातृ मृत्युदर, बहुआयामिक गरिबीमा रहेको जनसंख्या, निरिपेक्ष गरिबि र कृषिका सूचकहरुको लक्ष्य प्राप्तिका लागि यस खाद्य तथा पोषण सुरक्षा योजनाले प्रतक्ष्य रुपमा सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## विषयसूचि

सारांश........................................................................................................................ 1

१.१ नगरपालिका को पृष्ठभुमीः ........ 6

१.२ खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्पभ्रुता सम्बन्धी सैद्धान्तिक अबधारण ........ 7

१.३ भोकमरी र गरिबीको बिद्यमान अवस्था: ........ 14

१.४ खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नीतिगत प्रावधानः ........ 15

१.५ खाद्य तथा पोषण सुरक्षा योजनाको सान्दर्भिकता, औचित्य तथा उद्देश्य ........ 15

१.६ खाद्य तथा पोषण सुरक्षा योजनाको सारांश ........ 16

१.७ योजना तर्जुमा विधि तथा प्रक्रिया ........ 19

१.८ सीमाहरु ........ 20

परिच्छेद: २ नगरपालिकाको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाको विश्लेषण ........ 21

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ 21

२.२ प्राकृतिक तथा उत्पादनका स्रोतहरूको विश्लेषण कृषि भूमि: ........ 21

२.३ धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरु ........ 22

२.४ आर्थिक तथा सामाजिक सेवा सुविधाहरु ........ 23

२.५ खाद्य तथा पोषण सुरक्षा, अधिकारको विद्यमान अवस्था ........ 28

२. ६ विद्यमान अवस्था (समस्या, चुनौती, सवल पक्ष तथा अवसरहरुको विश्लेषण) ........ 29

२.७ जोखिम तथा विपद विश्लेषण ........ 34

३. हालको अवस्था ........ 34

४. बिद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु ........ 35

४.१ स्वास्थ्य समस्या ........ 35

४.२ चुनौती ........ 36

४.३ अवसरहरू ........ 36

५. पालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु ........ 37

५.१ नीतिको औचित्य ........ 37

५.२ निर्देशक सिद्धान्त ........ 37

६. नीतिहरु ........ 37

७. नीति अन्तर्गत रणनीतिहरु नीति ........ 39

८. रणनितिले लिएका अपेक्षाहरू: ........ 39
पालिकाको ३ वर्षे कृषि विकास रणनितिको सोच तालिका ........ 44
संम्भावित चुनौती तथा न्यूनीकरणका उपायहरु........ 50
९. संस्थागत संरचना ........ 53
१०. अनुगमन तथा मुल्याङकन........ 54

## परिच्छेद १

### १.१ नगरपालिका को पृष्ठभुमीः




प्रदेश नम्बर ५ अन्तर्गत बर्दिया जिल्लाको साविकको गाउँ बिकास समितिहरू बगनाह र नेउलापुरलाई समेटि मिति २०७२ असोज २ मा बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गा.वि.स.लाई समेत समेटि वि.सं २०७३ फाल्गुन २७ मा ठाकुरबाबा नगरपालिका स्थापना गरिएको हो । संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २ (क) मा पर्दछ। यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मुल्य मान्यताको आधारमा ९ वटा वडामा विभाजन गरिएको छ । भौगोलिक हिसाबले यस ठाकुरबाबा नगरपालिका पूर्वमा बर्दिया राष्ट्रिय निकुन्ज, पश्चिममा बर्दिया राष्ट्रिय निकुन्ज, उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछ । २०७५ को घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकाको १०,६६७ घरधुरी र कुल जनसंख्या रहेको ५५,८१४ जस मध्ये पुरुष २७,३०२ महिला २८,५११ र अन्य १ जना रहेको छ । यो नगरपालिका २८ डिग्री २३ मिनेट देखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म र ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ । यहाँको जनघनत्व ५३४ रहेको छ । सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाईमा रहको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ८ डिग्री सेल्सीयस देखि अधिकतम ४३ डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ११२० मि.लि.हुने गरेको छ । यातायातको सहज भएको यस क्षेत्र जिल्ला सदरमुकाम गुलरीयाबाट २२ किलोमिटर दुरीमा उत्तर पश्चिममा अवस्थित छ । प्रशासनिक कामका लागी सदरमुकाम जाने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरीगाँउ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाईन्छ । नगरपालिकाबाट मुख्य राजमार्ग भएर जुनसुकै बेला अन्य जिल्ला तथा भुरीगाँउ ढोढरी मार्गले गुलरीया सदरमुकामलाई जोडेको छ जसले गर्दा मानिसहरुलाई आवतजावत गर्न सजिलो भएको छ । नगरपालिकामा जनसंख्याको बनावट तथा पारिवारिक संरचनाको आधारमा पुरुष घरमुली भएको परिवार अत्यधिक रहेको छ भने महिला घरमुली भएको परिवार कम मात्रमा रहेका छन् । ९ वटा वडा रहेको यस नगरपालिकाको अधिकांस जनसंख्यालाई आफ्नो उत्पादनले वर्ष भरी खान पुग्ने अवस्था घरधुरी छलफल अन्तरकृया सर्वेक्षण र अध्ययन अनुसन्धान ले देखाएको छ । यस पालिकामा प्राय सबै जातजातिको बसोबास रहेको भएतापनि सबैभन्दा बढी बसोबास थारु जातीको वाहुल्यता हुनुका साथै व्राह्मण, क्षेत्री, मगर, दसनामी, दलित र मुस्लिम समुदायको मिश्रीत वसोवास रहेको छ । विविध जातीगत तथा सामाजिक संस्कारका कारण धैरै प्रकारका चाडपर्वहरु, परम्परागत सिपहरु, साँस्कृतिक तथा सामाजिक प्रचलनहरुको आदान प्रदान गर्ने अवसरहरु सिर्जना भएका छन । थारु भाषा र नेपाली भाषाको मिश्रीत संगम भएकोले

यहाँका नागरिकले दुवै भाषा तथा साहित्यमा दखल राख्न सक्दछन् । यस नगरपालिकाले दुवै सँस्कृतिको समिश्रण गरेर नयाँ सँस्कृतिको आविष्कार गरी पर्यटन तथा मानवशास्त्रीय अनुसन्धानलाई प्रोत्साहन गर्न सक्दछ । मिश्रित जनसङ्ख्याको कारण एक अर्काको मान सम्मान र पहिचानलाई स्विकार गरी समावेशी समाजको निर्माण गर्ने सम्भावनाहरु प्रशस्त रहेको छ । नगरभित्रका सबै जातीहरुमा रहेका अन्धविश्वास, कुरिती, रुढीवादी परम्पराहरुको अन्त्य गर्न एक अर्काका सँस्कृतिहरुले सहजीकरण गर्ने अवसरहरु सिर्जना गर्दछन् । मिश्रीत साँस्कृतिक समूहहरुको निर्माण गरी प्रवर्धन गरेर नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।


## १.२ खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्पभ्रुता सम्बन्धी सैद्धान्तिक अबधारण

विश्वमा विद्यमान 'भोकमरी तथा कुपोषण' समस्या सम्बोधनका लागि खाद्यसँग सम्बन्धित तिनवटा अवधारणाहरु "खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता" प्रयोगमा आईरहेका छन । नेपालको सन्दर्भमा, नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्यका तीनवटै पक्षलाई समेटेको छ भने यस अधिकारको व्यावहारिक कार्यान्वयनका लागि बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" समेत खाद्यका तीनवटै पक्षलाई समेटी निर्माण भएको छ ।

**क. खााद्य अधिकार अबधारणाः**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले स्तरीय जीवनको अधिकार भित्र खाद्य अधिकारलाई समावेश गरी औपचारिक रुपमै व्यक्तिको मानव अधिकार स्थापित गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा ११ ले यसलाई कानुनी रुपप्रद्रान गरेको थियो । पछि "संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति, १९९९" को साधारण टिप्पणी नं. १२ ले आधिकारिक परिभाषा तथा यस सम्बन्धमा राज्यको दायित्वलाई व्याख्या गरी थप स्पष्ट पारेको छ । खाद्य अधिकार 'प्रत्येक व्यक्तिले सम्मान पूर्वक स्वस्थ र सक्रिय जीवन जिउनको लागि दिगो रुपमा पर्याप्त, पोषणयुक्त, सुरक्षित र संस्कृति जन्य खाना खान पाउने अधिकार' हो । यो कानुनी अवधारणा हो जसले हरेक व्यक्तिलाई पर्याप्त खाद्य प्राप्त गर्ने स्रोतमाथिको पहुँच सुनिश्चितताको लागि 'कानुनी हकको' सुनिश्चितता गर्दछ भने यस सम्बन्धमा राज्यलाई सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने दायित्वहरु सिर्जना गर्दछ र यो अधिकार उल्लंघन भएको खण्डमा कानुनी उपचार प्राप्त गर्ने संयन्त्रको समेत व्यवस्था गर्दछ । अतः खाद्य अधिकार राज्यद्वारा व्यक्ति वा समूहले आफूलाई आवश्यक खाद्य मर्यादित रुपमा आफैंले उत्पादन वा खरिद गरी व्यवस्थापन गर्न सक्षम हुने कुराको सुनिश्चितता गर्नु हो र त्यसको लागि राज्यले सोही बमोजिम कायक्रम, नीति, नियम तथा कार्यक्रमहरु बनाई 'अनुकूल वातावरण' निर्माण गर्नु हो । तर, व्यक्ति वा परिवारले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमता प्रयोग गरी आवश्यक खाद्य व्यवस्थापन गर्न नसक्ने अवस्था भएमा वा नियन्त्रण बाहिरको परिस्थिति (सशस्त्र द्वन्द्व, विपद्, बन्दाबन्दी आदि) का कारण खाद्यको पहुँचबाट बञ्चित हुन गएमा उनीहरुले आफैं खाद्य उत्पादन वा व्यवस्थापन गर्न सक्षम नहुन्जेलसम्मको लागि राज्यले खाद्य उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ ।

**खाद्य अधिकार सुनिश्चितताका आयामहरुः**




'आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समिति' को साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताका लागि राज्यद्वारा निम्न ४ वटा आयामहरु प्रत्याभूति गरिनु पर्ने हुन्छ। अन्यथा राज्यले खाद्य अधिकारको सम्बन्धमा दायित्व उल्लंघन गरेको मानिन्छ।

**खाद्यको उपलब्धता**

खाद्यको उपलब्धता खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने पहिलो अयाम हो। यसले व्यक्ति वा परिवारको लागि आवश्यक खाद्य आफैं उत्पादन गरेर वा खाद्य प्राप्तीका अन्य उपायहरु जस्तैः माछा मार्ने, शिकार खेल्ने, कन्दमुल संकलन गर्ने कार्य मार्फत उपलब्ध हुनु पर्ने कुरालाई जनाउँदछ भने अर्कोतर्फ व्यक्ति वा परिवारको लागि आवश्यक खाद्य किन्नको लागि उपलब्धता हुनुपर्ने कुरालाई जनाउँदछ।

**ख. खाद्यमा पहुचः:**

उपलब्ध खाद्यमाथिको पहुँचः खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने दास्रो आयाम हो। व्यक्ति वा परिवारको खाद्य वा खाद्य स्रोतमाथिको आर्थिक तथा भौतिक दुवै पहुच सुनिश्चित भएको अवस्थालाई 'खाद्यको पहुँच' भनिन्छ।

- **आर्थिक पहुचः** यसले कुनै पनि व्यक्ति तथा परिवारले आफ ूलाई आवश्यक पर्ने पर्याप्त खाद्य खरिद गर्न सक्ने आर्थिक क्षमतालाई जनाउँदछ। आर्थिक क्षमता सुनिश्चितताको लागि राज्यले अनुकुल वातावरण जस्तैः शिक्षा, रोजगार, सामाजिक सुरक्षा, सहुलियत ऋण, सिंचाई, मल, बिउ आदिको व्यवस्था गर्नु पर्दछ।
- **भौतिक पहुचः** शारीरिक तथा मानसिक रुपमा अशक्त, भौगोलिक रुपमा अति दुर्गम तथा विकट क्षेत्रका बासिन्दा, आपतकालीन अवस्थामा रहेका व्यक्ति तथा समुदायको खाद्यमा सहज पहुँच भएका अवस्थालाई

भौतिक पहुँच भएको मानिन्छ। यसले मधेशी, मुस्लिम, आदिवासी/जनजातिको परम्परागत पेशा, व्यवसाय र उनीहरुले परम्परागत रुपमा भोगचलन गर्दै आएको श्रोतमाथिको पहुँचलाई समेत जनाउँदछ।

**ग. खाद्यको प्रयाप्तताः**

यो खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने तेश्रो आयाम हो। खाद्यको पर्याप्तताले उपलब्ध खाद्यको मात्रा र गुण दुवैको सुनिश्चिततालाई जनाउँदछ। मात्रात्मक सुनिश्चितता अन्तर्गत व्यक्तिको शारीरिक आवश्यकता अनुरुपको खाद्यको मात्रा तथा परिमाण र गुणात्मक सुनिश्चितता अन्तर्गत स्वच्छ, सुरक्षित, गुणस्तरीय, सांस्कृतिक रुपले स्वीकार्य पोषणयुक्त खाद्यान्न पर्दछ। उपलब्ध खाद्य व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पार्ने हानिकारक तत्वहरू मिसावट भएको, विषादी प्रयोग भएको, म्याद नाघेको, सडेगलेको, विषाक्त पदार्थयुक्त भएको खण्डमा खाद्य अधिकार सुनिश्चित भएको मानिदैन जुन अनुगमन गर्ने नियमन गर्ने प्रभाबकारी संयन्त्रको अभाब तथा सिमानाकाबाट आयातित खाद्यपदार्थको परिक्षणमा उदासिनता तथा जिम्मेवारीपनको अभाब शून्य उपलब्धी।

**घ. खाद्यको दिगोपनाः**

यो खाद्य अधिकार सुनिश्चितताको लागि आवश्यक पर्ने चौथो अयाम हो। 'खाद्यको दिगोपना' ले खाद्यको उपलब्धता, पर्याप्तता र पहुँचको दिगो सुनिश्चिततालाई जनाउँदछ। खाद्यको पर्याप्तता, उपलब्धता र पहुँच केही निश्चित समयका लागि मात्र नभई वर्तमान र भविष्यका सन्ततिहरुका लागि समेत सुनिश्चित भएको खण्डमा मात्र खाद्यको दिगोपना भएको मानिन्छ।

**खाद्य अधिकार सम्बन्धमा राज्यको दायित्व**

संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी माहासन्धीको साधारण टिप्पणी नं. १२ अनुसार व्यक्तिको खाद्य अधिकार सुनिश्चितताको लागि राज्यले मूलतः निम्न ३ किसिमका दायित्वहरु पुरा गर्नुपर्दछ।

**(क) सम्मान गर्ने दायित्व**: राज्यद्वारा व्यक्ति वा समुदायको खाद्य उत्पादनको विद्यमान श्रोतमाथिको पहुंचलाई हस्तक्षेप नगर्नु नैं 'सम्मान गर्ने दायित्व हो। जस्तैः राज्यद्वारा खाद्य उत्पादनका स्रोतहरू – जल, जमिन, जंगल वा अन्य स्रोतमाथिको पहुँच घटाउने वा प्रतिबन्ध लगाउने, व्यक्ति वा समुदायले उपभोग तथा बसोवास गर्दै आएको जमिनबाट पर्याप्त क्षतिपूर्ति, पुनर्वास वा पुनरुस्थापना बिना जबर्जस्ती विस्थापित गर्ने आदि जस्ता कार्यहरु गरेमा वा त्यस्ता किसिमका पश्चगामी कानुन, नीति तथा कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गरेमा सम्मान गर्ने दायित्वको उल्लघंन गरेको मानिन्छ।

**ख. संरक्षण गर्ने दायित्वः** राज्यद्वारा व्यक्ति वा समुदायको खाद्य उत्पादनको विद्यमान श्रोतमाथिको पहुँचमा कुनै तेस्रो पक्षबाट हुनसक्ने हस्तक्षेपबाट संरक्षण प्रदान गर्नु नैं 'संरक्षण गर्ने दायित्व' हो। जस्तैः जल, जमीन र जङ्गलको उपभोगबाट बञ्चित गराउने, श्रमिकलाई उचित ज्याला नदिने, पानी प्रदुषित गर्ने, पानीको मुहान छेक्ने, खाद्य बस्तुमा मिसावट तथा कम गुणस्तरको खाद्य बस्तु बिक्रि बितरण गर्ने, आदि जस्ता अवस्थाबाट संरक्षण गर्न राज्यले प्रभावकारी नियमन तथा सो सम्बन्धमा आवश्यक कानुनको निर्माण गरी व्यक्तिको खाद्य अधिकार संरक्षण गर्नु पर्दछ।

**ग. परिपूर्ति गर्ने दायित्वः** परिपूर्ति गर्ने दायित्व अन्तर्गत राज्यले दुई प्रकारका नीतिगत प्रावधानहरु कार्यान्वयन गर्नु पर्दछ।


- **सहजीकरण गर्ने दायित्वः** यस दायित्व अन्तर्गत राज्यले खाद्य अधिकारको जोखिममा रहेका व्यक्ति तथा समुदायको पहिचान गरी त्यस्ता व्यक्ति तथा समुदायले आफुलाई आवश्यक खाद्य आफैंले व्यवस्था गर्न 'सक्षम' हुनका लागि 'बिशेष नीति तथा कार्यक्रम' मार्फत खाद्य उत्पादनका स्रोत साधनहरुमाथि निरन्तर पहुँच

बढाउन सहजीकरण गर्नु पर्दछ । जस्तैः भूमिहीन किसानलाई भूमी, बीउविजन, सिंचाई, प्रविधि, सामाजिक सुरक्षा, किसान सहायता परिचयपत्र वितरण, आयस्रोतमा अनुदान सुनिश्चितता गर्नु आदि ।

- **उपलब्ध गराउने दायित्वः** यस दायित्व अन्तर्गत राज्यले यदी कुनै व्यक्ति वा समुदाय जो आफुसँग उपलब्ध स्रोतसाधनको प्रयोग गरी आफूलाई आवश्यक खाद्य आफैं जाहो गर्न असमर्थ भएमा वा नियन्त्रण बाहिरको परिस्थितिका कारण आफनो जीविका गर्न नसक्ने अवस्था भएमा उनीहरुलाई सोझै खाद्य उपलब्ध गराई खाद्य अधिकार सुनिश्चित गर्नु पर्दछ । यस अन्तर्गत कुनै पनि व्यक्ति भोकमरी र कुपोषणको अवस्थाबाट प्रताडित हुन नपरोस भन्ने कुराको सुनिश्चितता गराउने न्यूनतम दायित्व पर्दछ । जस्तै: आपतकालीन अवस्थामा रहेका व्यक्ति वा परिवारलाई अस्थायी रुपमा खाद्य वितरण, निःशुल्क दिवा खाजा आदि ।

**खाद्य अधिकारको अन्य अधिकारसँगको अन्तर्सम्बन्धः** खाद्य अधिकारका अन्य अधिकारसगँका अन्तर्सम्बन्ध खाद्य अधिकार अन्य अधिकारहरुको उपभोगको लागि अन्य आधारभुत अधिकारहरुको समेत प्रत्याभुति हुनु आबश्यक छ ।

**खाद्य सुरक्षा अवधारणाः** 'खाद्य सुरक्षा' अवधारणा समयक्रमसंगै निरन्तर रुपमा परिमार्जित तथा विकसित हुँदै गइरहेको छ । यस अवधारणाको शुरुवातमा खाद्य सुरक्षालाई अन्तर्राष्ट्रिय स्तरमा खाद्यान्नको उत्पादन र आपूर्तिको रुपमा बुझिन्थ्यो भने १९७० को दशकको अन्त्यसम्म आईपुग्दा यसलाई 'राष्ट्रिय स्तरमा खाद्यान्नको आपूर्ति तथा कृषि उत्पादन वृद्धिको लक्षको रुपमा लिई आपूर्ति र उत्पादनमुखी नीतिहरुको निर्माणमा केन्द्रित हुनु पर्छ' भन्ने बुझाईको विकास हुन गयो ।





सन् १९८० को दशकमा उत्पादनमुखी नीति तथा हरित क्रान्तिका कारण विश्व खाद्य उत्पादनमा व्यापक वृद्धि हुन गयो । तथापी विश्वमा भोकमरी तथा कुपोषणको अवस्था अत्यधिक बृद्धि भैरहेको तथ्याङ्कहरुले देखाएको थियो जसका कारण उत्पादनमुखी नीति भोकमरी तथा कुपोषणको समस्यालाई समाधान गर्न प्रभावकारी नभएको प्रमाणित भयो ।

सन्१९८१ मा अमात्य र सेनद्वारा "गरिवी तथा भोकमरी" विषयमा गरेको अध्ययनले भोकमरीको मुख्य कारण खाद्यान्नको कमी नभई उपलब्ध खाद्यान्नमाथि व्यक्ति तथा समुदायको पहुँच नभएर हो भन्ने निष्कर्ष देखायो । सो अध्ययन पश्चात खाद्य सुरक्षाको बहसमा 'पहुँच' को आयामले प्रवेश पायो । फलतः १९९६ को विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षाको परिभाषामा 'पहुँच' लाई अभिन्न अङ्गको रुपमा स्वीकार गरि परिमार्जित परिभाषा दियोः "खाद्य सुरक्षा

तब सुनिश्चित हुन्छ जब सबैलाई स्वस्थ र सक्रिय जीवन जिउन आवश्यक पर्ने आहार र खानपानको छनौट अनुसार दिगो रुपमा पर्याप्त, सुरक्षित एवं पोषणयुक्त खाद्यमा भौतिक र आर्थिक पहुँच हुनेगर्दछ" । खाद्य सुरक्षा अवधारणाले समाजमा रहेको खाद्यको आवश्यकता तथा उक्त खाद्यमा चाहिने पोषणको सुनिश्चितालाई ईगित गर्दछ भने यसको लागि लक्ष्यहरुको निर्धारण र लक्ष्य प्राप्तिको लागि आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयनको माग गर्दछ ।

**खाद्य सुरक्षाका आयामहरुः** खाद्यको उपलब्धता, पहुँच, उपयोग र दिगोपना खाद्य सुरक्षाका ४ आयामहरु हुन् । यी आयामहरू सुनिश्चित भएको खण्डमा मात्र व्यक्ति खाद्य सुरक्षित भएको मान्न सकिन्छ ।




- **खाद्यको उपलब्धताः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने पहिलो अयाम हो । खाद्यको उपलब्धता भन्नाले खाद्य सुरक्षालाई सुनिश्चित गर्नको लागि आन्तरिक उत्पादन, आयात, भण्डारण वा खाद्य सहायताका माध्यमद्वारा पर्याप्त मात्रामा गुणस्तरीय खाद्य पदार्थको भौतिक उपलब्धतालाई भन्ने कुराको सुनिश्चितता गराउने न्यूनतम दायित्व पर्दछ । जस्तैः आपतकालीन अवस्थामा रहेका व्यक्ति वा परिवारलाई अस्थायी रुपमा खाद्य वितरण, निःशुल्क दिवा खाजा आदि । खाद्य अधिकारकोअन्य अधिकारसँगको अन्तर्सम्बन्ध खाद्य अधिकार अन्य अधिकारहरुको उपभोगको लागि अपरिहार्य अधिकार हो भने खाद्य अधिकारको उपभोगको लागि अन्य आधारभूत अधिकारहरुको समेत प्रत्याभूती हुनु आवश्यक छ । यसले उत्पादक र उपभोक्ताबिचको सम्बन्ध स्थापित गर्नको लागि बजार प्रणालीको विद्यमानतालाई समेत जनाउँदछ ।
- **खाद्यमा पहुँचः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने दास्रो अयाम हो । खाद्यमा पहुँच भन्नाले कुनै परिवारको आफूलाई चाहिने पर्याप्त खाद्यान्न सधैं प्रबन्ध गर्नसक्ने क्षमतालाई जनाउँछ । यसका भौतिक र आर्थिक पहुँच गरी दुईपक्ष छन् । भौतिक पहुँचले व्यक्ति वा घरधुरी जुन ठाउँमा बसोबास छ त्यही ठाउँमा खाद्य उपलब्ध हुने अवस्थालाई जनाउँछ भने आर्थिक पहुँचले खाद्य आवश्यकता पूरा गर्नका लागि भौतिक रुपमा उपलब्ध खाद्य नियमित रुपमा खरिद गर्न सक्ने एउटा परिवारको आर्थिक क्षमतालाई जनाउँदछ । खाद्य वस्तु पर्याप्त मात्रामा उपलब्ध छ तर क्रय शक्ति छैन भने उपलब्ध खाद्यान्नमा पहुँचमा नहुन सक्छ र त्यसलाई खाद्य असुरक्षाको अवस्थाको रुपमा लिईन्छ ।
- **खाद्यको उपयोगः** यो खाद्य सुरक्षा हुनको लागि चाहिने तेस्रो अयाम हो । खाद्यको उपयोग भन्नाले पर्याप्त खाद्य, सफा पानी, सरसफाई र स्वास्थ्य सेवाको माध्यमबाट उपयुक्त पोषणको स्थिति प्राप्त गर्नका लागि


'खाद्यान्नको उचित प्रयोग गर्ने क्षमता' लाई जनाउँछ। यसले खाद्य सुरक्षाको लागि आवश्यक गैर खाद्य पक्षको महत्वलाई देखाउँछ। यस अन्तर्गत खाद्य वस्तुको छनौट, संकलन, भण्डारण, संरक्षण, प्रशोधन, तयारी, पोषण सम्बन्धी ज्ञान तथा आनिबानि आदि जस्ता कुराहरु पनि पर्दछन।

- **खाद्यको दिगोपना:** यो खाद्य सुरक्षा हुनको लागि चाहिने चौथो अयाम हो। खाद्यको दिगोपनाले खाद्य सुरक्षाको तीनवटै आयामहरु एकैनासले निरन्तर हुनुपर्दछ भन्ने बुझिन्छ। अर्थात यी ४ वटै आयामहरुको सुनिश्चितता केवल एक क्षण वा एक दिन वा एउटा मौसमको लागि मात्र नभई दिगो रुपमा स्थायी तवरले सुनिश्चित भएमा मात्र खाद्य सुरक्षा भएको मानिन्छ।

**खाद्य सम्प्रभुता अवधारणा:** खाद्य सम्प्रभुता एक राजनैतिक एवं आर्थिक अवधारणा हो, जसलाई खाद्य, खाद्य प्रणाली (उत्पादन, वितरण र उपभोग) तथा सोसँग सम्बन्धित नीतिको सम्बन्धमा राष्ट्र र किसान स्वयंले परिभाषा, निर्णय र कार्यान्वयन गर्न पाउने अधिकारको रुपमा लिईन्छ। यसले खाद्यान्न उत्पादनकर्ता तथा किसानलाई खाद्य प्रणाली एवं नीतिको केन्द्रमा राख्दछ भने 'खाद्य प्रणालीमा' स्थानीयको लोकतान्त्रिक नियन्त्रण' हुनुपर्ने कुरालाई जोड दिन्छ। कृषि तथा खाद्य प्रणालीमा बहुराष्ट्रिय कम्पनीहरुको भन्दा पनि निर्वाहमूखि उत्पादनकर्ता र कृषकको अधिकारको वकालत गर्छ। साथै वातावरणीय तथा आर्थिक दिगोपना सुनिश्चित गर्दै स्थानीय खाद्य उत्पादनकर्ता, वितरक तथा उपभोक्ताको शसक्तीकरण गर्ने कुरामा जोड दिन्छ। यसले खाद्य अधिकार तथा सोको लागि आवश्यक पर्ने स्वच्छ, स्वस्थ, वातावरणीय रुपमा दिगो खाद्यान्न उत्पादन र प्राप्तिको अधिकारलाई महत्व दिन्छ।

**खाद्य सम्प्रभुताका स्तम्भहरु:**

**खाद्य सम्प्रभुता सुनिस्चित हुनका लागि निम्न ६ वटा स्तम्भहरु हुन आवश्यक छ:**




- **"खाद्य" मानवको लागि पहिलो प्राथमिकता:** खाद्य सम्प्रभुताले खाद्यलाई अन्तर्राष्ट्रिय कृषि व्यापारको बस्तुको रुपमा मात्र नहेरी एक आधारभूत मानव अधिकारको रुपमा हेर्दछ।

- **खाद्य उत्पादनकर्तालाई विशेष महत्वः** खाद्य सम्प्रभुताले महिला, पुरुष, वास्तविक तथा साना किसान, चरिचरक, मछुवार, वनमा आश्रित समुदाय, आदिवासी जनजाती, कृषि मजदुर आदि जस्ता खाद्य उत्पादनकर्ताको श्रमको सम्मान गरी दिगो जीविकोपार्जनका लागि विशेष महत्व दिन्छ । यसले खाद्य उत्पादनकर्ताको जीविकोपार्जनलाई नकारात्मक प्रभाव पार्ने नीति, कार्य तथा कार्यक्रमलाई अस्वीकार गर्दछ।
- **खाद्य प्रणालीको स्थानीयकरणः** खाद्य सम्प्रभुताले स्थानीय बजार मार्फत खाद्य उत्पादनकर्ता र उपभोक्ताबिच निकटम सम्बन्ध स्थापित गरी उनीहरुलाई खाद्य सम्बन्धी सवालहरुको संुयक्त निर्णय प्रक्रियालाई केन्द्रमा राख्दछ। अनुत्तरदायी व्यापारिक संस्थाहरुमाथिको निर्भरतालाई प्रबर्धन गर्ने किसिमका राज्यका संरचना, सन्धि सम्झौता एवं दीर्घकालीन तथा न्याय संगत नहुने नीति, नियम वा अभ्यासहरु समेतलाई अस्वीकार गर्दछ।
- **उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग तथा नियन्त्रणको अधिकारः** खाद्य सम्प्रभुताले भूमि, बीउबिजन, पानी, चरिचरन, पशु, मत्स्यक्षेत्र आदि जस्ता उत्पादनको स्रोतमाथिको उपभोग, नियन्त्रण तथा संरक्षणको अधिकार स्थानीय उत्पादनकर्तामा हुनु पर्दछ भन्ने मान्यता राख्दछ। यसले कानुन, व्यापारिक करार तथा बौद्धिक सम्पत्तिको माध्यमबाट प्राकृतिक श्रोतहरुको निजिकरणलाई अस्वीकार गर्दछ।
- **स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिको प्रबर्धन र संरक्षणः** खाद्य सम्प्रभुताले खाद्य उत्पादनकर्ता र उनीहरुको संगठनमा भएको स्थानीय परम्परागत ज्ञान, शिप र प्रविधिलाई खाद्य प्रणालीको केन्द्रमा राख्दछ र स्थानीय खाद्य प्रणालीलाई कमजोर गर्ने खालका प्रविधिहरुलाई अस्वीकार गर्दछ।
- **प्रकृतिसँगैकाम गर्नेः** खाद्य सम्प्रभुतालेकृषि पर्यावरणमा क्षति नपुग्नेगरी जैविक विविधतामैत्री कृषि प्रणालीमा जोड दिन्छ। यसले पर्यावरणलाई अधिकतम प्रवर्धन गर्ने खालका कृषि प्रविधिहरुलाई प्राथमिकता दिन्छ भने पर्यावरण प्रणालीमा हानि पुर्याउने प्रविधिहरुलाई अस्वीकार गर्दछ।

**१.३ भोकमरी र गरिबीको बिद्यमान अवस्था:**




विश्वमा विद्यमान खाद्य उत्पादनले हाल रहेको सम्पूर्ण जनसङ्ख्यालाई यथेष्ट रूपमा खान पुग्छ । तर खाद्य तथा कृषि संगठनले सार्वजनिक गरेको विश्वको खाद्य सुरक्षा तथा पोषणको अवस्था सम्बन्धी प्रतिवेदन २०२० अनुसार झण्डै ६९० मिलियन (कुल जनसंख्याको ८.९ प्रतिशत) मानिसहरू भोकमारी सहेर बाँच्न बाध्य छन । कोभिड १९ का कारण सन् २०२० मा विश्वका थप १९० मिलियन मानिसहरु गम्भीर भोकमरीको चपेटामा परेका छन् । एशिया सबै भन्दा बढी भोकाहरुको स्थल (३८१ मिलियन) र त्यसपछि अफ्रिका महादेश (२५० मिलियन) रहेका छन । साना किसान, गोठाला तथा मछुवारहरुले विश्वलाई आवश्यक पर्ने करिब ७० प्रतिशत खाद्य आपुर्ति गर्दछन् । तर यीनै खाद्य उत्पादकर्ताहरु खाद्य असुरक्षित छन । हरेक ९ मा १ जना मानिस हरेक दिन भोकै सुत्ने अवस्था छ । भोकमरीसँग सम्बन्धित रोगका कारण ५ सेकन्डमा १ बालकको मृत्यु हुन्छ ।

त्यसैगरी नेपालको भोकमरी तथा गरिबीको अवस्था केलाउँदा दक्षिण एशियाली देशहरूको तुलनामा नेपालको अवस्था कमजोर छ । करिब १८.७% जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि बाँचिरहेका छन् भने बहुआयामिक गरिबी २८.६ प्रतिशत रहको छ । त्यसमध्ये झण्डै १९.६२ प्रतिशत कोशी प्रदेश, ४७.८९ प्रतिशत मधेश प्रदेश, १२.२४ प्रतिशत बागमती प्रदेश, १४.१९ प्रतिशत गण्डकी प्रदेश, २९.९२ प्रतिशत लुम्विनी प्रदेश, ५१.२२ प्रतिशत कर्णाली प्रदेश र २८.६२ प्रतिशत मानिसहरू सुदुर पश्चिम प्रदेशमा छन । यसरी भोकमरी र गरिबीको अवस्था हेर्दा यसबाट प्रभावितहरूको सङ्ख्या बढ्ने क्रममा भोकमरी र गरिबीको विश्लेषण गर्दा शक्ति र पहुँचले यसलाई ठुलो प्रभाव पारेको देखिन्छ । बालबालिका, जेष्ठ नागरिक, फरक शारीरिक, मानसिक अवस्था भएका मानिसहरू तुलनात्मक रूपमा खाद्य सुरक्षाको कोणबाट उच्च जोखिममा छन् । भोकमरीको प्रत्यक्ष सम्बन्ध गरिबीसँग जोडिएको हुन्छ । स्रोत साधनको अभाव र उत्पादनका स्रोत माथिको पहुँचमा ह्रास हुँदै जाँदा गरिबीले खाद्य असुक्षा र खाद्य अधिकारबाट बञ्चित गराँउँदै लैजान्छ । खाद्य सुरक्षा र खाद्य अधिकारका विषयमा विश्लेषण गर्दा समस्या खाद्य तथा खाद्य उत्पादनका स्रोत र साधनमाथिको पहुँच, वितरण प्रणाली, र न्यायोचित भूउपयोग नीतिमा निर्भर रहन्छ । मानव अधिकार मानिसको आधारभूत अधिकार

हो भने खाद्य आधकार मानवको मौलिक हक हो। हरेक मानिसले आत्मसम्मानका साथ मर्यादित जीवन बाँच्न पाउँनु पर्दछ, यो हरेक मानिसको नैसर्गिक अधिकार हो।

## १.४ खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नीतिगत प्रावधानः

नेपाल सरकारले खाद्य अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता अनुरूप संवैधानिक तथा कानुनी व्यवस्थाहरू गरेको छ। नेपालको संविधान २०७२ को धारा ३६ ले खाद्य अधिकारलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ भने यस हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी गरिसकेको छ। त्यस्तै कृषि विकास रणनीति (२०१५/२०३५) ले कृषि क्षेत्रलाई व्यावसायिकरण गरि आर्थिक बृद्धीलाई गतिदिने, जीवनस्तरलाई माथि उकास्नेर खाद्य तथा पोषण सुरक्षामा योगदान दिने रहेको छ। बहुक्षेत्रीय पोषण योजना २०७५/०७६ देखि २०७९/०८० निमार्ण भई सम्पन्न भइ सकेको छ, जसको उद्देश्य ३६ प्रतिशत पुड्का बालबालिकालाई सन् २०२५ भित्रमा २४ प्रतिशत र २०३० सम्ममा १४ प्रतिशतमा झार्नु रहको छ। त्यस्तै खाद्य तथा पोषण सुरक्षा कार्ययोजना २०१३/२०२२ निमार्ण भई सम्पन्न भइ सकेको छ, जसको मुख्य उद्देश्य गरीब एवं सिमान्तकृत घरधुरीहरुको पोषण स्थीतिमा सुधार ल्याउने र खाद्य एवंम जिविकोपार्जनका सुरक्षा सुनिश्चित गर्ने रहेको थियो। नेपालले दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्म भोकमरीलाई शून्यमा झार्ने लक्ष्य राखेको छ भने सन् २०२५ को अन्त्य सम्ममा नेपाली जनताको खाद्य अधिकार सुनिश्चित गर्दै नेपाललाई भोकमरी कुपोषण मुक्त बनाउने उद्देश्यले शून्य भोकमरी राष्ट्रिय कार्ययोजना, २०१६/२०२५ (Zero Hunger Challenge Plan of Action) लागू गरेको छ।

## १.५ खाद्य तथा पोषण सुरक्षा योजनाको सान्दर्भिकता, औचित्य तथा उद्देश्य

वर्तमान नेपालको संविधानद्धारा स्थानीय सरकारलाई प्रदत्त एकल अधिकार अन्तर्गत कृषि, भू–व्यवस्थापन, वन, वातावरण, सरसफाई तथा खाद्य सुरक्षाका क्षेत्रहरू पर्दछन्। खाद्य सुरक्षा तथा सम्प्रभुताको अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" सङ्घीय संसदले जारी गरिसकेको छ। प्रत्येक नागरिकलाई खाद्य सुरक्षा तथा खाद्य उत्पादनको स्रोतमाथि अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरूको तर्जुमा गरी भोकमरी तथा गरिबीको अवस्थाबाट मुक्त गर्नु पर्नेछ। नेपाल सरकारको "संवृद्ध नेपाल, सुखी नेपाली" भन्ने नाराको उद्देश्य पुरा गर्न र सन् २०२५ सम्म शून्य भोकमरी तथा आर्थिक रूपान्तरण आवश्यक भएकोले यस नगरपालिकाले खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमा गरेको छ। यस योजनाले नगरपालिकाको सम्पूर्ण नागरिकको खाद्य सुरक्षा तथा खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको सुनिश्चिता गर्नेछ।

खाद्य मानवको लागि पहिलो प्राथमिकता भएकोले समग्र कृषि क्षेत्र व्यापारको बस्तुको रुपमा मात्र नभई आधारभूत मानव अधिकारको रुपमा रहेको छ। खाद्य उत्पादनका साधन, श्रोत (जल, जमिन, जंगल तथा प्राकृतिक श्रोत) माथिको पँहुच तथा महिला, पुरुष, वास्तविक साना किसान, पशुपालक, चरिचरण, मछुवार, वनमा आश्रित समुदाय, आदिवासी जनजाती, कृषि तथा आप्रवासी कामदार आदि जस्ता खाद्य उत्पादनकर्ताको श्रमको सम्मान तथा अधिकारको सुनिश्चित गर्न यस खाद्य सुरक्षा योजना महत्वपूर्ण रहेको छ। स्थानीय सरकारले समग्र खाद्य प्रणालीको स्थानीयकरण, स्थानीय बजार मार्फत खाद्य उत्पादनकर्ता र उपभोक्ताबीच निकटम् सम्बन्ध स्थापना, उत्पादनको स्रोतमाथि स्थानीयको उपभोग

तथा नियन्त्रणको अधिकार, स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिको प्रवर्धन र संरक्षण, कृषि जैविक विविधता मैत्री कृषि प्रणालीमा जोड दिई नागरिकको खाद्य सुरक्षा गर्ने दायित्व रहेको छ।

कृषि पेशा तथा व्यवसायबाट क्रमशः पलायन हुँदै गैइरहेको युवा जनशक्तिलाई कृषि पेसा र व्यवसायमा आकर्षित गरी कृषि व्यवसायलाई सम्मानित र मर्यादित बनाउनु आवश्यक छ। कृषि पेसाको संरक्षण, किसानको पहिचान र सम्मान, कृषि भूमिको दिगो वैज्ञानिक व्यवस्थापन, उपयोग र वितरण, कृषिजन्य उत्पादनको प्रवर्धन तथा जलवायु परिवर्तनबाट हुन सक्ने सम्भावित असर र प्रभावको न्यूनीकरण गर्नका लागि यो खाद्य तथा पोषण सुरक्षा योजनाको औचित्य देखिएको छ। तसर्थ, यस खाद्य तथा पोषण सुरक्षा योजनाले ठाकुरबाबा नगरपालिकाको आर्थिक सम्बृद्धि, वन तथा पर्यावरणीय संरक्षण, कृषि तथा पशुपालन क्षेत्रको व्यावसायीकरण गरी यस आवधिक योजना अवधिमा नागरिकको खाद्य तथा पोषण सुरक्षा र खाद्य अधिकारको सुनिश्चितता गर्ने उद्देश्य लिएको छ।

### १.६ खाद्य तथा पोषण सुरक्षा योजनाको सारांश

नेपाल सरकारले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपालीको दिर्घकालीन सोच तथा पन्ध्रौ योजनाले परिलक्षित गरेका दिगो विकासका सुचकाङ्कका आधारमा ठाकुरबाबा नगरपालिकाले **"समृद्ध ठाकुरबाबा नगर को आधार, उद्यमशील आत्मनिर्भर र जैविक विविधताको सम्भार"** को परिकल्पना गरेको छ। यस परिकल्पना साकार पार्न सामाजिक समानता, उद्यमशीलता, प्राकृतिक श्रोत साधनको दिगो उपयोग, बैज्ञानिक कृषि उत्पादन तथा पूर्वाधारको विकास गरी नागरिकको खाद्य अधिकारको सुनिश्चितता तथा समृद्ध ठाकुरबाबा नगरपालिकाको निमाण गर्ने लक्ष रहेको छ। यस आवधिक योजनाले गरिबीको रेखामुनी रहेको जनसंख्या हालको अवस्थाबाट २० प्रतिशतमा झार्ने, शुन्य भोकमरीको अवस्था, आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार ९० प्रतिशत, घरपरिवारको औषत आयस्तर हालको अवस्थाबाट ४० प्रतिशत वृद्धि, सर्वसुलभ गुणस्तरीय पूर्वाधार तथा आधारभूत सेवाको पहुँच ८० प्रतिशतले वृद्धि गरी परिस्कृत तथा मर्यादित जीवनशैली निर्मिाण गर्ने रहेको छ।

यसैगरि जीविकोर्पाजनको मूख्य आधारस्तम्भको रुपमा रहेका कृषि तथा पशुपालनलाई सुधार गरि खाद्य उत्पादन हालको अवस्थाबाट दोब्बरले वृद्धि गर्ने, खाद्य उपलब्धता/प्रशस्ततामा हालको अवस्थाबाट ६० प्रतिशतले वृद्धि, गुणस्तरीय कृषि प्रसार तथा पशु स्वास्थ्य सेवाको पहुँच ८० प्रतिशतले बृद्धि, व्यवसायिक कृषितर्फ हालको स्थितिबाट ४० प्रतिशतले वृद्धि, कृषि सामग्री/उत्पादन सामग्रीको उपलब्धतामा ८० प्रतिशत कृषकहरुको पहुँचमा वृद्धि, तथा आय आर्जन विविधिकरणमा जोड दिई ६० प्रतिशत परिवारको खाद्य सुरक्षाको अवस्था सुदृढ गरिनेछ।

कृषि उत्पादन बृद्धिका लागि कृषि, वन तथा संरक्षित कृषि खेती प्रविधि सम्वन्धी हरेक वडामा कृषि श्रोत केन्द्रको स्थापन तथा किसानहरुलाई आधारभूत तालिम, कृषि वन तथा संरक्षित कृषि खेती प्रविधिको विस्तार, बालि प्रर्दशनी, कृषि मेला, कृषक भ्रमण तथा कृषकको खेतवारीमा नयाँ प्रविधि, उन्नत जातको बीउ परीक्षण तथा उन्नत कृषि सामग्रीहरुको प्रचार प्रसार गरी आधुनिक प्रविधिको ज्ञान तथा सीप कृषकहरुमा विस्तार गर्ने, मकै, कोदो लगायत स्थानीय वालीहरुको बिउ उत्पादन तथा सामुदायिक बिउ भण्डारको स्थापना गरि कृषि उत्पादन हालको अबस्थाबाट ६० प्रतिशतले बृद्धि गरिनेछ। त्यसैगरि, नगरपालिकाभित्र रहेका कृषियोग्य भूमि तथा बाँझो जग्गाको लागत तयार गर्ने र कृषि योग्य भूमिको दिगो व्यवस्थापन सम्बन्धी निर्देशिका तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

भूबनोट तथा हावापानी अनुसारको सम्भाव्यता अध्ययनको आधारमा व्यवसायिक फलफुल, तरकारी तथा पुष्पखेतीको विस्तार गरी कृषकहरुको आयस्तर हालको अवस्थाबाट ५०% वृद्धि भएको हुनेछ। यस नगरपालिकाम खुल्ला सिमा हुदा बाहिरबाट आयातित कृषि उत्पादनले स्थानिय ब्यबसाय धरापमा पर्ने जोखिम हुदाहुदै पनि समथर भूमी तथा उष्न हावापानी भएकोले ब्यबसायिक फलफूल खेति केरा, मेवा तथा तरकारी खेतीको सम्भाब्यता प्रचुर मात्रामा रहेको छ।

व्यवसायिक फलफूल (आँप, मेवा, लिच्चि, केरा) खेती बिस्तारका लागि बहुउद्धेशीय कृषि नर्सरीको स्थापना, फलफूल बगैंचा व्यवस्थापन तालिम, कृषि उपज संकलन केन्द्रको स्थापना, व्यवसायिक तरकारी खेतीको बिस्तार, व्यवसायिक तरकारी खेती गर्ने कृषक समुहको गठन, उन्नत तरकारी खेती सम्बन्धी टनेल प्रबिधिको प्रर्दशनी, तरकारी खेतीमा एकीकृत खाद्य तत्व व्यवस्थापन, प्राङगारिक खेती प्रविधि तथा एकिकृत किरा व्यवस्थापनाका लागि कृषक पाठशाल सञ्चालन, कृषि मेला प्रदर्शनी, व्यवसायिक पुष्प खेती सम्बन्धी महिला कृषकहरुलाई व्यवसायिक पुष्प खेती तालिम तथा व्यवसायिक फलफूल खेती का लागि माटो परीक्षण जस्ता क्रियाकलापहरु कार्यान्वयन गरिनेछ ।

बाख्रा तथा कुखुरा पालनलाई व्यवसायिक रुपमा विस्तार तथा आधारभूत पशु स्वास्थ्य सेवाको पहुँच वृद्धि गरि कृषकहरुको आयस्तरमा ६०% ले बृद्धि गरिनेछ । माहुरी पालन व्यवसायलाई संस्थागत रुपमा बलियो बनाउन स्थानीय माहुरी पालक कृषक समुह तथा सहकारीहरुको क्षमता अभिबृद्धि (गुणस्तरीय महको उत्पादन, प्रसोधन, प्याकिङ तथा बजारीकरण, माहुरी घार निर्माण सम्बन्धी स्थानीय सिकर्मीहरुलाई तालिम, पशुपन्छी तथा माहुरी बिमाको सवै वडाहरुमा विस्तार, पशु स्वास्थ्य घुम्ती शिविर, पशु स्वास्थ्य ल्याब स्थापना, औषधि खरिद तथा सेवा, खोप कार्यक्रम, विपन्न परिवारका जेहेन्दार युवा, युवतीहरु लाई भेटनरी, जेटिए अध्ययनका लागि छात्रवृत्ति, बाख्रा पालन सम्बन्धी व्यवसायिक योजना तर्जुमा तथा बाख्रापालन सम्बन्धी आधारभूत तालिम, गोठ सुधार तथा पशु आहार सम्बन्धी बाख्रापालक कृषकहरुलाई तालिम तथा स्थानीय कुखुरा, हाँस पालन सम्बन्धी व्यवसायिक योजना तर्जुमा तथा कुखुरा पालन सम्बन्धी आधारभूत तालिम जस्ता क्रियाकलापहरु कार्यान्वयन गरिनेछन् ।

यस पालिकामा परमपरागत खेतीको प्रचलन अझै विद्यमान रहेको छ । समथर भुभाग तथा मलिलो माटो भएको बाझो जमिन भएकोले माटोको उर्बरा शक्ति अत्यन्त राम्रो छ । वातावरणीय प्रदुषण, सिमानाको प्रत्यक्ष प्रभाब लगायत अन्य प्राकृतिक प्रकोपहरु तथा जलवायु परिवर्तनबाट हुने असर जोखिमहरुको न्यूनीकरणका लागि पूर्व तयारी योजना निर्माण तथा जनचेतना अभिवृद्धि गरि कृषि जैविक विविधता तथा जलाधारको संरक्षण तथा आधुनिक कृषि प्रबिधिबाट ब्यबसायीक खेति गरिनेछ । निकुन्जको जोखिम भएको जोखिमयुक्त क्षेत्रमा बसोवास गर्ने परिवाहरुलाई उपयुक्त ठाउँमा स्थानन्तरण गर्ने, जलवायु अनुकुल तथा प्रकोप व्यवस्थापन पूर्व तयारी योजनाको निर्माण, बजेट व्यवस्थापन तथा कार्यान्यवयन, विपद्का घटनाहरुबाट बच्नका लागि समुदाय, वडा तथा नगर स्तरमा पूर्व तयारी योजना अनुसार जनचेतनाका क्रियाकलाप सञ्चालन तथा निर्माणाधिन सडक छेउछाउ तथा डुबान प्रभावित जग्गामा सामुदायिक वन उपभोक्ता समिति मार्फत वृक्षारोपण तथा अग्ला पोखरी निर्माण गरी माछापालन कार्यक्रमको ब्यबस्थीत र बिस्तार गरिनेछ । जलबायु परिबर्तण अनुकुलन गर्न जैविक वनस्पति तथा जडिबुटीहरुको संरक्षण तथा सदुपयोग गर्न बिभिन्न क्रियाकलापहरु संचालन गरिने छन ।

सामाजिक सुरक्षा, दैवी तथा मानविय प्रकोपबाट श्रृजित आपातकालिन अवस्थामा अस्थाई आवास तथा अन्य अत्यावश्यक सामग्रीको व्यवस्थापन, रेडक्रस लगायत अन्य विपद व्यवस्थापनसँग सम्बन्धित संघ संस्थाहरुसँग समन्वय तथा जनचेतनाका लागि साझेदार, खाद्य भण्डार सामुदायिक खाद्य बैंकको स्थापना तथा सञ्चालन, स्थानीय सञ्चार माध्यमहरुसँग सहकार्य गरी जनचेतनामुलक क्रियाकलापहरु सञ्चालन, स्थानीय खाद्य अधिकार समन्वय समीतिको गठन तथा जिम्मेवारी, कृषक तथा गरिव परिवारको पहिचान तथा परिचय पत्र बितरण, स्वास्थ्य बिमामा सहभागी गराउन चेतना अभिबृद्धि, सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरु, अपाङ्गता भएका व्यक्तिहरु, गरीविको रेखाभित्र रहेका परिवार, दलीत तथा जोखिममा रहेका अन्य परिवारहरुको पहिचान गरि खाद्य सहायता परिचय पत्र जारी गर्ने र यस्ता परिवारहरुलाई निशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने जस्ता क्रियाकलायहरु सन्चालन गरि सवै परिवारको सामाजिक सुरक्षाको पहुँच अभिबृद्धि गरिनेछ ।

ठाकुरबाबा नगरपालिका पर्यटन प्रवर्दनका लागि पनि सम्भावना भएको क्षेत्र हो । प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु यस क्षेत्रमा रहेका छन् । यो क्षेत्र एग्रो टुरीजम क्षेत्र बिकासमा सं‍भावना रहेको छ । यस योजना अवधिमा कृषि तथा गैर कृषि क्षेत्रहरुमा आधारित लघु उद्यम तथा पर्यटन प्रर्वद्धन गरि रोजगारीका अवसरहरुको श्रृजना तथा आर्थिक पहुँचमा वृद्धि गर्ने उद्धेश्य रहेको छ । पालिकाभित्र कृषि तथा गैर कृषि क्षेत्रमा घरेलु तथा लघु उद्यमको सम्भाव्यता अध्ययन तथा बजारको विश्लेषण गरि महिलाहरुका लागि कृषि ब्यबसाय, उत्पादित बस्तु प्रशोधन, वेसार, गहु, मशला उत्पादन गरेर मशला पिस्ने, धान कुट्ने मील, धुप वत्ति बनाउने, अचार, मस्यौरा, च्याउ खेती आदि) को प्रवर्धन, ठाकुरद्धारा मा रहेको कोसेली घरको प्रबर्धन नयाँ स्थापना तथा बिस्तार (आमा, महिला समुह द्वारा संचालन) गरिनेछ । पर्यटन प्रबर्धन तथा होमस्टे का लागि सम्भाव्यता अध्ययन, कार्यविधि निर्माण गरि र्कायान्वयनमा ल्याइनेछ भने पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि डकुमेन्ट्री निर्माण, कृषि पर्यटन तथा होमस्टे का लागि पूर्बाधार निर्माण, पर्यटकीय क्षेत्रहरुको पहिचान, पैदल मार्ग निर्माण कार्यहरु अघि बढाइनेछ ।

सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरुको प्राविधिक शिक्षा, व्यवसायिक सीप तथा क्षमता अभिवृद्धि गरी उनीहरुको आयस्तर वृद्धि गर्न सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका युवाहरु, अपाङ्ग व्यक्तिहरु, गरीविको रेखा भित्र रहेका परिवार, जनाजात‍ी, दलित तथा जोखिममा रहेका अन्य परिवारहरुको पहिचान गरि खाद्य सहायता परिचय पत्र जारी गर्ने, यस्ता परिवारहरुलाई निशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराइनेछ । स्थानीय युवाहरुलाई आयमुलक कार्यमा जोडेर पोषणमा सुधार ल्याउना कृषि तथा पशुस्वास्थ्य क्षेत्रमा आकार्षित गर्ने र लागि ३ बर्षे प्राविधिक शिक्षामा छात्रबृत्ति, व्यबसाय गर्न चाहने युवाहरुलाई ब्यासायिक योजना निर्माण तथा सीपमा आधारित प्राविधिक तालिम महिलाहरुका लागि ६ महिने सिलाई कटाई तालिम, चिया खाजा तथा मिठाइ पसल संचालन, होटल सहयोगी, कुक तालिम, फर्निचर, मोटरसाईकल र्ममत तालिम, इलेक्ट्रिसीयन तथा प्लम्बिङ्ग, मोटर, टेम्पो चलाउने तालिम दिई लघु उद्यमहरुको स्थापना तथा स्वरोजगारीको श्रृजना गरिने छ ।

ठाकुरबाबा नगरपालिकामा हालका बर्षहरुमा स्वास्थ्य तथा पोषण सुचकाङ्कहरुमा निकै सुधार भएको भएता पनि प्रयाप्त रुपमा पछाडि नै रहेको छ । कुपोषण प्रायः सबै उमेर समुहमा भएपनि ५ बर्ष मुनिका बालबच्चा तथा गर्भवती महिलाहरुमा यसको प्रभाव बढी देखिएको छ । तर्सथ महिला, बालबालिका तथा किशोर, किशोरीहरुको पोषण, खानेपानी तथा सरसफाईको अवस्थामा सुधार गरि मातृ शिशु मृत्युदर शुन्यमा झार्ने उद्देश्य रहेकोछ । नगरपालिकाका सबै वडाहरुमा पोषण तथा सरसफाई सम्बन्धी 'पोषण शिक्षा' कार्यक्रम सञ्चालन गरि ५ वर्ष मुनीका बच्चाका आमा तथा हजुरआमाहरुको पोषण सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि गरिनेछ । त्यस्तै, करेसाबारीको प्रबर्धन, सरसफाईमा सुधार, खाद्य वस्तुको उचित भण्डारण, पाक शिक्षा तथा पोषणयुक्त सन्तुलित खाना तथा आनिवानीमा सुधार भई ९५% घरपरिवारको पोषण स्थिति, घर तथा वाताबरणीय सरसफाईमा सुधार हुनेछ । नेपाल सरकार, स्वास्थ्य मन्त्रालय मातहत सञ्चालित विभिन्न पोषण प्रबर्धन तथा सरसफाई सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरुको नियमित सञ्चालन तथा आधारभूत स्वास्थ्य तथा पोषण सेवा स्थानीय स्तरमा उपलब्ध भएको हुनेछ । किशोर, किशोरहरुको पोषण ठाकुरबाबा नगरपालिका १०/१०(प्रबर्धन तथा विद्यालय दिवा खाजा कार्यक्रम नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा निर्दिष्ट कार्यविधि अनुसार सबै विद्यालयहरुमा सञ्चालन गरि विद्यालय स्तरका बालबालिका, किशोर, किशोरीहरुको पोषण सम्बन्धी आधारभूत ज्ञान तथा चेतना अभिवृद्धि गरिनेछ । बहुक्षेत्रीय पोषण योजनाको मूलप्रवाहीकरण गरि विद्यमान कुपोषणको अवस्थालाई शून्य स्थितिमा झार्न सवै बिषयगत क्षेत्रहरुसँग समन्वय गरि पोषण प्रबर्धन गरिने छ ।

खाद्य सुरक्षा बहुक्षेत्रीय बिषय भएकोले यो उद्देश्य परिपूर्ति गर्न कृषि, बन, पर्यावरण, शिक्षा, स्वास्थ्य, पोषण, रोजगारी तथा आधारभूत पूर्वाधार (सडक, बिजुली, खानेपानी, सिँचाई, संचार र स्थायी बजार) को विकास गरि आधारभूत सेवा

तथा सुविधाहरुको पहुँच सहज हुनुपर्दछ। तसर्थ ठाकुरबाबा नगरपालिकाले यो आवधिक योजना अवधिमा आधारभूत पुर्बाधार बिषेषतः सडक, बिजुली, खानेपानी, सिँचाई, तथा स्थायी बजारको निर्माणमा जोड दिएको छ । सुगम नगरपालिकाको पहिचानका लागि सडकहरुको स्तरोन्नती एवं पक्कि सडक निर्माणमा जोड दिँदैआएको छ भने "एक वडा एक कृषि सडक" र "एक घर एक फलपुल बगैचा" को अवधारण अनुरुप सवै वडाहरुमा सडक संजाल निर्माणको काम प्राथमिकतामा रहेको छ । त्यस्तैगरि पोषण मा सुधार गर्नको लागी कृषि उत्पादन बढाउन लघु तथा साना सिंचाईहरुको निर्माणमा जोड दिइनेछ। निजी क्षेत्र तथा सहकारीहरुको सहकार्यमा नगरपालिका भित्र सुविधा सम्पन्न 'कृषि थोक बजारको' निर्माण, व्यवस्थापन तथा सञ्चालन को तयार भई सञ्चालन भएको हुनेछ। यस 'थोक कृषि बजार' लाई सबै वडाहरुका कृषि संकलन केन्द्रहरुसँगको सञ्जाल निर्माण गरी उत्पादित कृषि वस्तुहरु 'कृषि थोक बजार' मा संकलित हुनेछन्। यसरी संकलित कृषि उपजहरुलाई शीत भण्डारमा राख्ने, प्याङ्किग तथा बजार वितरणका सबै काम 'कृषि थोक बजार' नाफामूलक संस्थाको रुपमा सहकारी, कृषक तथा निजी क्षेत्रको शेयर लगानीमा सञ्चालन गरिनेछ भने स्थापनाकालमा आवश्यक पूर्वाधारका लागि नगरपालिका, प्रदेश तथा केन्द्रीय सरकारको लगानी रहनेछ।

## १.७ योजना तर्जुमा विधि तथा प्रक्रिया

राष्ट्रिय अभियान "समृद्ध नेपाल सुखी नेपाली" को दिर्घकालीन सोच तथा पन्ध्रौ पञ्चवर्षीय योजनाले सुनिश्चित गरेका लक्ष्य हासिल गर्न स्थानीय सरकारको अहम भूमिका रहेको छ । यस अभियानलाई सफल बनाउने अभिप्राय सहित ठाकुरबाबा नगरपालिकाले दिर्घकालीन सोच साकार गर्ने अभियानका साथ दिर्घकालीन योजना तथा कार्यक्रमहरु अगाडि बढाउने क्रममा यस खाद्य तथा पोषण सुरक्षा रणनैतिक योजना २०८०/०८१–२०८२/०८३ निर्माण गरिएको छ । यस योजना तर्जुमाका विधि तथा प्रक्रियाहरु निम्न अनुसार रहेका छन्।

- योजना तर्जुमा प्रक्रिया।
- पूर्वतयारी, योजना निर्माण र प्रक्रिया कार्यान्वयन
- खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुताबारे सैद्धान्तिक तथा कानूनी ब्यवस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी प्रावधान, खाद्य अधिकार सुनिश्चित गर्न स्थानीय सरकारको भूमिकाबारे नगरपालिका स्तरमा छलफल।
- योजनाको खाका तथा निर्माण प्रक्रिया बारे छलफल । ठाकुरबाबा नगरपालिकाको समग्र वस्तुस्थितिको (प्राकृतिक तथा उत्पादनका श्रोतहरु, आर्थिक तथा सामाजिक सेवा तथा सुविधाहरु, पूर्वाधार निर्माण तथा नगरपालिकाको विद्यमान मानवीय श्रोत तथा क्षमता) विश्लेषण। सरोकारवालाहरुको विश्लेषण तथा भूमिका, वडास्तरीय तथा शाखागत छलफल तथा गोष्ठि । सवल पक्ष, अवसरहरु, सुधार गर्नु पर्ने क्षेत्र, चुनौती तथा जोखिम विश्लेषण।
- योजनाको मस्यौदा निर्माण तथ ा नगरपालिकामा पृष्ठपोषणका लागि छलफल।
- अन्तिम योजना नगरपालिकाबाट स्वीकृत भई नगारसभाबाट अनुमोदन।
- योजना कार्यान्वयन अनुगमन, प्रगती समिक्षा तथा मूल्याङ्कन।

**योजना निर्माणका लागि उक्त प्रक्रिया अवलम्बन गर्दै निम्न विधिहरु अपनाइएको थियो:**

**१) नगरपालिकासँग भएका सूचना तथा दस्तावेज विशेषत:**

पालिकाको पाश्र्वचित्र, आबधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, आदिको अध्ययन तथा ठाकुरबाबा नगरपालिकाले तयार पारेको तथ्याङ्क तथा सूचनालाई सन्दर्भ सामग्रीको रुपमा लिइएको छ। अन्य सन्दर्भ सामग्रीहरुमा पन्ध्रौ पञ्चवर्षीय योजना, नेपालको संविधान २०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ रहेका छन्। यसै गरी कृषि विकास रणनिति, कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, कृषि नीति २०७५, वार्षिक समिक्षा प्रतिवेदन २०७८/७९, कृषि व्यवसाय प्रवर्द्दन ऐन, २०७५, स्वास्थ्य तथा सरसफाई ऐन,२०७८), स्वास्थ्य तथा सरसफाई नीति,२०७८ र खाद्य अधिकार सम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय दस्तावेजहरु सन्दर्भ सामाग्रीको रुपमा लिइएका छन्।

**२) पालिकास्तरीय छलफल:**

ठाकुरबाबा नगरपालिकामा योजना निर्माण कार्यदल तथा योजना निर्माण प्रक्रियाको अधारमा अगाडि वडाइएको थियो भने उक्त छलफलमा विषयगत प्राविधिक तथा विषेशज्ञहरु समेत समावेश गरिएका थिए। योजना निर्माणको प्रक्रियामा नगरपालिकास्तरीय विभिन्न छलफल भई योजनाहरुलाई अनुमोदन गरिएको थियो।

**१.८ सीमाहरु**

स्थानीय तहको गठनले स्थानीय तहमा धैरै फेरबदलहरु भएका छन्। नयाँ परिवर्तन तथा जनआकाङक्षालाई सम्वोधन गर्ने क्रममा ठाकुरबाबा नगरपालिकाले थुप्रै चुनौती तथा समस्याहरुको सामना गर्दै आइरहेकोछ। यस्ता चुनौती तथा समस्याहरुको बावजुद ठाकुरबाबा नगरपालिकाले धैरै मेहनतका साथ आफ्ना नीति तथा कार्यक्रमहरुलाई जनता सामु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई संस्थागत रुपमा एकैसाथ जनसेवामा समर्पित भैरहेकोछ । विद्यमान संक्रमणकालीन अवस्थाबाट बिस्तारै मजबुत बन्ने तथा मध्यकालीन, दिर्घकालीन विकास योजनाहरुको तर्जुमा गर्ने र त्यस अनुसार समग्र ठाकुरबाबा नगरपालिकालाई समृद्ध, स्वच्छ र समुन्नत बनाउने परिकल्पना गरिएको छ। यथेष्ट सूचना तथा तथ्याङ्कहरु अद्यावधिक गर्न सकिएको छैन जसका कारण खाद्य, पोषण तथा कृषि तथा आयआर्जनका मूख्य सूचकहरुको लक्ष्य प्रक्षेपण गर्ने तथ्यगत आधारहरु यथेष्ट नभएकोले आधारभूत घरधुरी सर्वेक्षण गर्नुपर्ने अवस्था रहेको छ भने समष्टिगत तथ्याङ्कहरु राष्ट्रिय जनगणना २०७८ तथा वास योजनालाई आधार बनाई पोषण तथा खाद्य सुरक्षा रणनीति तयार गरिएको छ । यस दस्तावेजमा समावेश गरिएका केही तथ्याङ्क तथा सूचनाहरु ठाकुरबाबा नगरपालिकासँग भएका दस्तावेजहरुबाट लिइएका छन् भने धैरै सूचनाहरु वडा तथा पालिका स्तरीय छलफल बाट लिइएका छन्।

## परिच्छेद: २ नगरपालिकाको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाको विश्लेषण

### २.१ नगरपालिकाको संक्षिप्त परिचय

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाह र नेउलापुर गा.वि.स. लाई समेटेर मिति २०७२ साल अश्विन २ मा बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्धारा गा.वि.स लाई समेत समेटेर ठाकुरबाबा नगरपालिकाको स्थापना वि.स. २०७३ फाल्गुण २७ मा भएको हो। संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया निर्वाचन क्षेत्र नं २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २ (क) मा पर्दछ। यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पूर्वाधार तथा सामाजिक मुल्य मान्यताको आधारमा ९ वटा वडामा विभाजन गरिएको छ। भौगोलिक हिसाबले यस ठाकुरबाबा नगरपालिका पूर्व, पश्चिम र उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछन्। नगरपालिका घरधुरी तथ्याङ्क संकलन, २०७९ अनुसार ११६६४ घरधुरी रहेको यस नगरपालिकामा कुल ५७,३५७ जनसंख्या रहेको छ जसमा २९,०७० पुरूष, २८,२८७ र अन्य ५ जना रहेका छन। यो नगरपालिका अक्षांश २८ डिग्री २३ मिनेट देखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म र ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ। यहाँको जनघनत्व ५४८.५५ रहेको छ। सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाईमा रहको यहाँको वार्षिक औषत तापक्रम न्यूनतम ८ डिग्री सेल्सीयस देखि अधिकतम ४३ डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ११२० मि.लि.हुने गरेको छ। यातायात सहज भएको यस क्षेत्र जिल्ला सदरमुकाम गुलरीयाबाट २२ किलोमिटर दुरीमा उत्तर पश्चिममा अवस्थित छ।

प्रशासनिक कामका लागी सदरमुकाम जानुपर्ने भएता पनि दैनिक उपभोग्य वस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरीगाँउ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाईन्छ। नगरपालिकाबाट मुख्य राजमार्ग भएर जुनसुकै बेला अन्य जिल्ला तथा भुरीगाँउ ढोढरी मार्गले गुलरीया सदरमुकामलाई जोडेको छ जसले गर्दा मानिसहरुलाई आवतजावत गर्न सजिलो भएको छ।

### २.२ प्राकृतिक तथा उत्पादनका स्रोतहरूको विश्लेषण कृषि भूमि:

तराईको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो। यस पालिकाका ९ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन्। समुद्र सहहबाट १४४ मिटर देखि २१४ मिटरको उचाइमा रहेको यो नगरपालिकाको ४७.८० प्रतिशत भू भाग कृषि क्षेत्रले ओगटेको छ। यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, गहुँ, मकै हुन् भने फलफूल बालीहरू केरा, आँप, भूइँकटहर, अम्बा, लिची आदि हुन्। त्यसैगरी दलहन बालीहरू मसुरो, मास, रहरी आदि, तेलहन बालीहरू तोरी, तिल, सूर्यमुखी, आलस आदि, मसला बालीहरु खुर्सानी, अदुवा, लसुन, प्याज, धनिया, बेसार, कागती, लगायत उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ। हाल खेतीपाती भैरहेको क्षेत्र अत्यन्त मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो नगरपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ। नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकोले पालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ।

ठुलो संख्यामा नगरपालिकाबासीहरू कृषि पेशामा संलग्न भएर खाद्यान्नमा आत्मनिर्भर हुने अवस्था हुँदा पनि भारतबाट खाद्यान्न आयात गरिनु, उन्नत खेती प्रणालीतर्फ उन्मुख हुँदाहुँदै पनि सिँचाई आयोजनाको भरपर्दो सिँचाई सुविधा

उपलब्ध नहुँदा उब्जनीमा सोचेजस्तो प्रगति नभएको, मध्यवर्ती क्षेत्रमा जंगली जनावरको कारण बालीनाली जोगाउन समस्या हुने गरेको, कृषकलाई दक्ष प्राविधिकबाट आवधिक र प्रभावकारी तालिमको व्यवस्था नभएको, कृषि तथा पशुपालनले पूर्णरूपमा व्यवसायिक स्वरूप ग्रहण गर्न नसकेको, कृषि प्राविधिकहरूको पर्याप्तता नभएको, कृषि बजारीकरण असहज भएकोले कृषि उपज बिक्री वितरणमा कठिनाइ, बीउविजन, मलखाद र शीत भण्डारणको उचित प्रबन्ध नभएको, कृषि उपज मूल्य श्रृंखलाको विकास नभएको, मलखाद तथा कृषि सामग्रीको आपूर्तिमा असहजता रहेको, किटनाशक औषधि, कृषि औजार, आधुनिक प्रविधि, पशु औषधालय तथा कृषि तथा पशु बीमाको पर्याप्त व्यवस्था नभएको, कृषिजन्य उत्पादनको लागत मुल्यमा वृद्धि भई उत्पादन अपेक्षाकृत वृद्धि हुन नसकेको आदि समस्या र चुनौतीहरु हुन ।

नगरपालिकाले युवावर्गलाई कृषिमा आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्न सकिने, कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानीय संघसंस्थाको साझेदारीमा कृषि कार्यक्रमहरू सञ्चालन गर्न सकिने, पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशु बीमा, गोठ सुधार जस्ता कार्यक्रम सञ्चालन गर्न सकिने, नगरपालिकालाई फलफूल उत्पादन, पशुपंक्षी पालनमा देशकै नमूना नगरपालिकाको रूपमा विकास गर्न सकिने, नगरपालिकामा दर्ता भएका कृषि समुह तथा सहकारीबाट व्यावसायिक कृषि कर्जा प्रदान गरी कृषि क्षेत्रको विकास गर्न सकिने, कृषक समूह निर्माण गरी उनीहरूको जग्गालाई व्यावसायिक खेतीमा जान चक्लाबन्दी गर्न सकिने, अध्ययन तथा अनुसन्धान गरी नगरपालिकाका विभिन्न क्षेत्रमा विभिन्न प्रजातिका नगदे बाली, फलफूल, जडिबुटी अर्थात गैर काष्ठजन्य बहुमूल्य वन पैदावारको व्यावसायिक उत्पादन गर्न सकिने, नगरपालिकामा उपलब्ध पोखरी तथा जलस्रोतको उपयोग गरी जलवायु अनुकूलको माछा पालन गर्न सकिने, कृषक पाठशाला कार्यक्रमको निरन्तरता र नयाँ सञ्चालन गर्न सकिने, नगरपालिकाले गाईभैँसीको भकारो सुधार कार्यक्रमका लागि अनुदान उपलब्ध गराउन सक्ने, व्यावसायिक रुपमा बाख्रापालन, कुखुरापालन, बुङ्गुरपालन, हाँसपालन तथा माछा पालन गर्न सकिने, सम्भाव्य खेतीयोग्य क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र, सुपरजोन तथा जोनको रुपमा घोषणा गरी कृषि उत्पादन वृद्धि गर्न सकिने, कृषि सडकहरूको विकास गरी कृषकको उत्पादनलाई सहज रूपले बजारीकरण गर्न सकिने, नगरपालिकालाई प्राङ्गारिक तथा अर्गानिक नगरपालिकाको रूपमा विकास गर्ने उद्देश्यले जनचेतनामूलक फ्लेक्स तथा पम्प्लेटहरू वितरण गर्नुको साथै जैविक मल बनाउनको लागि तालिम सहित अनुदानमा प्लाष्टिक ड्रमहरू वितरण गर्न सकिने, आयातित तरकारीहरुलाई न्यूनीकरण गरी स्थानिय स्तरमा उत्पादित तरकारीहरुलाई वढावा दिन सकिने आदि संभाबना र अबसरहरु हुन ।

## २.३ धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरु

ठाकुरबाबा नगरपालिका प्रकृतिपदत्त नदी, वनक्षेत्र, सीमसार क्षेत्र, समथर तराई भूभाग रहेको ऐतिहासिक, भौगोलिक, धार्मिक, सामाजिक र साँस्कृतिक स्थितिले सम्पन्न नगरपालिका हो । यस नगरपालिकामा साना ठूला गरि जम्मा २७ वटा मन्दिर, १५ वटा चर्च, १९ वटा मरुवा, १ जनजाती संग्रहालय तथा १ थारु संग्रहालय रहेका छन् । नेपालका विभिन्न पर्यटकिय क्षेत्रहरु मध्ये एक उत्कृष्ट गन्तब्य रहेको यो नगरपालिकामा थारु, ब्राम्हण, क्षेत्री,दशनामी, दलित, र मुस्लिम समुदाय लगायतका जातजातिहरुको बसोबास रहेको छ । यस क्षेत्रमा आ–आफ्ना जातिगत धर्म, संस्कृति र परम्परा जीवित रहेका छन् । नगरपालिकामा थारु समुदायको हरेरी पूजा, धुर्या, ल्वाङी ढक, का साथै शिवरात्री, दशैँ, तिहार, होली, कृष्ण जन्माष्टमी, बुद्ध जयन्ती, ईद जस्ता चाडपर्व विशेष महत्व तथा धार्मिक सहिष्णुताका साथ मनाउने गरिन्छ । यहाँको पहिचान झल्काउने बैठकी, हुर्हुदवा, छोक्रा, झुम्री, डप बैशाखी होल्का नाँच लगायतका नाँच हरु लोपहुन लागेको

अवस्थामा रहेका छन् । यहाँका धार्मिक, ऐतिहासिक, साँस्कृतिक एवं पुरातात्विक एवं प्राकृतिक महत्व बोकेका मूख्य स्थलहरुमा ओरहीघाट चर्च, गुप्तेश्वर मन्दिर, जलेश्वर महादेव मन्दिर, राधेश्याम मन्दिर, बैजुरा मन्दिर, ठाकुरबाबा मन्दिर, कृष्ण प्रणामी मन्दिर, टाइगर प्रतिमा, चितुवाको प्रतिमा स्थल लगायतका स्थलहरु रहेका छन् ।

## २.४ आर्थिक तथा सामाजिक सेवा सुविधाहरु

ग्रामीण पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । ठाकुरबाबा नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिका भित्र १२ वटा बचत तथा ऋण सहकारी, ४ वटा बहुउद्देश्यिय सहकारी, ७ वटा कृषि सहकारी र ३ वटा अन्य सहकारी गरी जम्मा २६ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । नगरपालिकाले सहकारी संस्था एकिकरण सम्बन्धि कार्यविधि, २०७५ जारी गरी कार्यान्वयन गरेको छ ।

स्थानीय स्तरमा व्यापक रुपमा पूँजीप्रवाह भैरहने वातावरणका लागि बैङ्किङ तथा वित्तीय संस्थाहरुको महत्वपूर्ण भुमिका रहन्छ । कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । यस नगरपालिकामा एन.आइ.सी एसिया बैङ्क, कृषि बिकास बैङ्क, सानिमा बिकास बैङ्क, राष्ट्रिय सहकारी बिकास बैङ्क, कुमारी बैङ्क, गरिमा बिकास बैङ्क, ग्लोबल आइ.एम.इ बैङ्क, साग्रीला बिकास बैङ्क, साइन रेसुङ्गा बिकास बैङ्क, कर्णाली बिकास बैङ्क लगायतका बैङ्कका शाखाहरुले सेवा प्रवाह गरिरहेका छन् ।

### २.४.१ कृषि तथा पशु विकासको अवस्था

तराईको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यस पालिकाका ९ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन् । समुद्र सहहबाट १४४ मिटर देखि २१४ मिटरको उचाइमा रहेको यो नगरपालिकाको ४७.८० प्रतिशत भू भाग कृषि क्षेत्रले ओगटेको छ । यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, गहुँ, मकै हुन् भने फलफूल बालीहरू केरा, आँप, भूइँकटहर, अम्बा, लिची आदि हुन् । त्यसैगरी दलहन बालीहरू मसुरो, मास, रहर आदि, तेलहन बालीहरू तोरी, तिल, सूर्यमुखी, आलस आदि, मसला बालीहरु खुर्सानी, अदुवा, लसुन, प्याज, धनिया, बेसार, कागती, मेवा लगायत उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । हाल खेतीपाती भैरहेको क्षेत्र अत्यन्त मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो नगरपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकोले पालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ ।

यस नगरपालिकाका सम्पूर्ण वडाहरूमा यहाँ बसोबास गर्ने घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । यहाँ गाई, भैंसी, बाख्रा, सुगुर, बंगुर, कुखुरा, हाँस, परेवा, टर्की, बट्टाई, लगायतका पशुपंक्षी पाल्ने र बिक्री गर्ने गर्दछन् । उष्ण क्षेत्रमा उपयुक्त हुने जातका पशुपंक्षीहरूको यहाँ व्यावसायीक उत्पादनको राम्रो संभावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायीक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, बाख्रा, माछा, बङगुर पाल्ने र बिक्री गर्ने गर्दछन् । नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार

नगरपालिकाले पशुपक्षि विकास तथा मत्स्यपालनका क्षेत्रमा योगदान दिने उद्धेश्यले वडा न. २, ३, ५, ८ र ९ लाई बाख्रा पकेट क्षेत्रको रुपमा विकास गर्ने लक्ष्यका साथ किसान समुहहरुलाई बाख्रा वितरण, पशुपालक किसानहरुका लागि च्याकटर वितरण, घाँस तथा घाँसको बीउ वितरण, भैँसी वितरण, माछाको भुरा,चल्ला,तथा बङ्गुरका पाठा वितरण, लगायतका कार्यहरु गरेको छ।

### २.४.२ स्वास्थ्य तथा पोषण

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। उपधारा १ मा प्रत्येक "नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भनि उल्लेख गरिएको छ। यसै हकको कार्यान्वयन गराउने दायित्व स्थानीय सरकारको भएकोले नगरपालिकामा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ।
यस नगरपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेको, नगर अस्पताल र विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाउन सकिन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ। नगरपालिकाको बार्षिक स्वास्थ्य प्रतिवेदन २०७७/०७८ अनुसार हाल यस नगरपालिकामा ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ सर्पदशं उपचार केन्द्र, १ आरोग्य केन्द्र र १ नगर अस्पतालबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। यसका अलावा २० वटा गाँउघर क्लिनिक, २६ वटा खोप क्लिनिक संचालनमा रहेका छन। नगरपालिकाभर ६२ जना स्वास्थ्यकर्मी सहित ८३ जना महिला स्वास्थ्य स्वयमसेविकाहरु स्वास्थ्य सेवा प्रवाहमा सकृय रहेका छन्।
सामान्य औषधोपचार, प्रसुती सेवा, पोषण स्वास्थ्य सम्बन्धी जानकारी, नगरघर क्लिनिक सेवा, नियमित खोप, यौनरोग आदिको बारेमा सामान्य उपचार तथा जानकारी दिने गर्दछ। यहाँका बासिन्दा नियमित स्वास्थ्य सेवाको लागि भन्दा पनि स्वास्थ्य समस्या आइपरेपछि मात्र परामर्श र उपचारको लागि स्वास्थ्य संस्थामा जाने गर्दछन्। स्थानीय धामी, झाँक्री र माताबाट उपचार लिने परम्परागत चलन यथावत छ। पोषण स्वास्थ र यसको महत्वबारे आमा, बालबालिका र परिवारले कुनै औपचारिक ज्ञान प्राप्त गर्न सकेका छैनन जसको कारण गर्भवती महिलालाई बच्चा जन्मनु भन्दा पहिले के कस्तो हेरविचार गर्ने र बच्चा जन्मी सकेपछि बच्चाको शारीरिक र मानसिक बृद्धि कसरी मापन गर्ने, कति समयमा मापन गर्ने भन्ने बारेमा प्रयाप्त ज्ञानको कमी रहेको छ। यसका साथै किशोर, किशोरीहरुलाई दिइनुपर्ने पोषण शिक्षाको पनि कमी रहेको छ। पालिकामा बालविवाह अत्याधिक हुनाले सानै उमेरमा विवाह हुने र बच्च जन्मने हुनाले एकातिर अविभावकलाई बच्चाको पालन पोषण गर्ने प्रयाप्त ज्ञान छैन भने आम्दानी नहुनाले बच्चा र आमालाई पौष्टिक खानेकुरा खुवाउन नसकेको अवस्था छ।

### २.४.३ खानेपानी

सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो। त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ। शहरीकरणको सघनतामा वृद्धि भएकोले यस नगरपालिकामा फोहोरमैला उत्सर्जन व्यापक रुपमा हुने गरेको र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छ। तथापि स्वच्छ पानी तथा सरसफाई मानवीय स्वास्थ्यलाई प्रभाव पार्ने प्रमुख तत्वहरू भएको र दिगो विकास लक्ष्यको लक्ष्य नं ६ ले खानेपानी तथा सरसफाईलाई सुनिश्चितता गर्नुका साथै नेपालको संविधानले पनि खानेपानी तथा सरसफाई सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुर्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई

उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ।

यस नगरपालिकामा पिउने पानीका प्रशस्त श्रोतहरु छन् तथापि सफा खाने पानीको पहुँच सबै घरपरिवारमा पुगेको छैन। नगरपालिकाले "एक घर एक धारा" को नीति लिएको भएता पनि ज्यादै छरिएर रहेको वस्ति भएकाले सफा खाने पानीको सुविधा सवै घरधुरीमा उपलब्ध हुनसकेको छैन। नगरपालिकाको वास योजना घरधुरी सर्भेक्षण २०७६ को तथ्याङ्क अनुसार यहाँको खानेपानीको स्रोतको अवस्थाको आधारमा निजी धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या ६२६, सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी संख्या ११, ५० मि. भन्दा माथिको ट्यूबेलको पानी प्रयोग गर्ने संख्या ५, ५० मि. भन्दा कमको ट्यूबेलको पानी प्रयोग गर्ने संख्या ९८१२ रहेको छ। यसरी हेर्दा जम्मा घरधुरी १०४५४ को ५.९८ प्रतिशत घरधुरीले मात्र निजी धारा प्रयोग गरिरहेको अवस्था छ भने बाँकी ९३.५८ प्रतिशत घरधुरीले ५० मिटर भन्दा कमको ट्यूबेलको पानी प्रयोग गरिरहेका छन्। जुन जनस्वास्थ्यको दृष्टिकोणले जोखिमपूर्ण हो। नगरपालिकामा हाल भुरीगाँउ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र शिवपुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति द्धारा संचालित २ वटापाइप प्रणालीको खानेपानी योजना संचालनमा रहेका छन् यसका साथै कर्मला खानेपानी तथा सरसफाई आयोजना,बलाती खानेपानी सरसफाई आयोजना, गोबिन्दपुर खानेपानी तथा सरसफाइ आयोजना, शाहिपुर खानेपानी तथा सरसफाई आयोजना, शिव खानेपानी तथा सरसफाई आयोजना, सुखाड सुतैया खानेपानी तथा सरसफाई आयोजना गरी जम्मा ६ वटाखानेपानी आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेको पाउन सकिन्छ।

### २.४.४ सिंचाइ

यस नगरपालिकाले "सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यवस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुर्याउने" लक्ष्यका साथ अगाडि बढेको यस नगरपालिकामा ४७.८० प्रतिशत कृषियोग्य जमिन रहेको छ। यहाँ धान, गहुँ, मकै जस्ता खाद्यान्न बाली साथै फलफूल वाली उत्पादनमा राम्रो सम्भावना रहेको छ। सिंचाई, कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ। नगरपालिकाको तथ्याङ्क अनुसार वडा न. १ मा ३०,३५ वटा बोरिङ् बाट सिँचाइ हुने र बबई सिँचाइ आयोजनाको कार्यआरम्भ भएको, वडा न. २ मा बलाती सिँचाइ आयोजना, कर्मला सिँचाइ आयोजना, जहरे सिँचाइ आयोजना रहेको, वडा न. ३ मा बबइ नदी तथा पश्चिमी क्षेत्रमा ओराही नदि बाट सिँचाई हुने, वडा न. ४ मा बबई नदीले सम्पूर्ण क्षेत्रमा सिँचाइ सुविधा पुगेको, वडा न. ५ को ९० प्रतिशत क्षेत्रमा बबई नहरले सिँचाई हुने, वडा न. ६,७ र ८ मा ओरही नदी तथा बोरिङ्बाट सिँचाइ हुने, र वडा न. ९ मा वडा भरीका लागि कर्णाली सिँचाइ निर्माणाधिन अवस्थामा रहेको पाउन सकिन्छ। तथापि कतिपय स्थानहरुमा अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन। सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ।

### २.४.५ वातावरण, जोखिम तथा विपद व्यवस्थापन

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सिर्जना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो। यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण

प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। नगरपालिकाले फोहोरलाई स्रोतमै वर्गीकरण गरी सकेसम्म कम फोहोर उत्पादन गर्ने, वातावरणमैत्री सामाग्रीहरुको मात्र प्रयोग गर्ने र उत्सर्जित फोहोरलाई मोहर बनाई आय आर्जन, सभ्यता र स्वास्थ्यसँग जोड्ने अभियानको थालनी गरेको छ।

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन जस्ता कारणले हरितगृह प्रभाव बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी सामु छ। यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकाससम्बन्धी मानवीय गतिविधिहरू हुन्। विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कम भन्दा कम कार्वन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ। भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नगरपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ। यस नगरपालिकामा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन्। हाल कोभिड –१९, डेङ्गु जस्ता महामारीले जीवन थप जटिल बनाएको छ। यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। यसका अलावा यस नगरपालिकाको ९ वटा वडाहरु मध्ये ८ वटावडा मध्यवर्ती क्षेत्रमा पर्दछ। बर्दिया राष्ट्रिय निकुन्ज सँग यस नगरपालिकाको ३२ कि. मि. सिमा जोडिएको छ। सिमा क्षेत्रका वासिन्दाहरुको धनजनमा जंगलि जनावरहरुले बर्षेनी क्षती गरिरहेको हुन्छन् यसैलाई मध्यनजर गर्दै नगरपालिकाले विपद् व्यवस्थापन कोष संचालन र स्रोत परिचालन कार्यविधि,२०७५ जारी गरी कार्यान्वयनमा ल्याएको अवस्था छ।

### २.४.७ पूर्वाधार (सडक, संचार तथा बिजुली)

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। नगरपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सामान्यतया सन्तोषजनक रहेको छ। यस नगरलाई पूर्व पश्चिम लोकमार्गको कोहलपुर, कर्णाली चिसापानी खण्डले पार गरेको छ। नगरपालिका भित्रका सहायक सडकहरुले नगरका सबै वडा र टोलहरुलाई जोडेको अवस्था छ। यहाँको सडक संजालले स्थानिय बजार, कृषि क्षेत्र, राष्ट्रिय राजमार्ग, राष्ट्रिय निकुञ्ज लगायतका क्षेत्रसंग सहज पहुँच बनाएको छ। नगरपालिकाको पछिल्लो ४ बर्षको प्रगती विवरण समावेश भएको ठाकुरबाबा नगरपालिका हालसम्म प्राप्त तथ्याङ्क अनुसार नगरपालिकामा पछिल्लो ४ बर्षयता ४३९४० मि. नयाँबाटो निर्माण, ६७७५६ मि. ग्राभेल, ९४९१ मि. सडक कालोपत्रे भएको पाइन्छ। यसै गरी ७२ वटाकल्भर्ट निर्माण, ४७० स्थानमा ह्यूमपाइप राख्ने कार्य भएको पाइन्छ। नगरपालिकाका प्रत्येक वडामा नगरका वडा स्तरिय गौरवका आयोजना संचालन मार्फत करिब १३ कि. मि. सडक कालोपत्रे गर्ने कार्य भएको छ। यहाँका मुख्य सडकहरू कालोपत्रे छन् भने सहायक सडकहरू विस्तार तथा स्तरोन्नती तीव्र रुपमा भइरहेको छ। नगरपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ। तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक

यातायातको अवस्था भने कमजोर रहेको पाइन्छ । त्यसकारण बस टर्मिनलको निर्माण गर्नु अतिआवश्यक रहेको छ । सडक मार्गबाट ओहोर दोहोर गर्ने यात्रुहरूलाई सुविधाको लागि विभिन्न स्थानहरूमा यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्नु पनि आवश्यक छ । सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउँछ । नगरपालिकाले सडक तथा यातायातको स्थितिलाई मध्यनजर गरी सडक तथा यातायातको स्तर सुधार कार्यलाई उच्च प्राथमिकतामा राखेर नगरपालिकाको गुरुयोजना निर्माण गरेको छ । तसर्थ नगरपालिकाले सडक यातायातलाई गुरुयोजना अनुरूप योजनावद्ध एवं व्यवस्थित तवरले कार्यान्वयन गरी सडक संजालको विस्तार तथा स्तरोन्नति गर्दै रहेको छ ।

कुनै पनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नगरपालिका घरधुरी सर्वेक्षण, २०७५ को तथ्याङ्क अनुसार यस नगरपालिकामा खाना पकाउनका लागि कुल घरधुरी मध्ये ७,२८८ घरधुरी अर्थात ६८ प्रतिशतले दाउरा प्रयोग गर्ने गरेका छन् । त्यसैगरी १,९०४ अर्थात १८ प्रतिशतले एलपी ग्याँस, १,२१६ घरधुरी अर्थात ११ प्रतिशतले गोबरग्याँस, १२५ घरधुरी अर्थात २ प्रतिशतले विजुली को प्रयोग गर्ने गरेका छन् । यहाँका अधकाशं घरधुरीले उज्यालो बत्तीको लागि भने विजुली बत्ती प्रयोग गर्दै आएका छन् । काठदाउराको श्रोत सामुदायिक वन तथा निजी वन रहेका छन् । काठदाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् । नगरपालिका वासीहरूले राष्ट्रिय प्रसारण लाईनबाट नै विद्युत सेवा प्राप्त गरिरहेका छन् । नगरपालिकामा विद्युतीकरणको अवस्था सन्तोषजनक नै रहेको भए तापनि सडक सडकमा सौर्यबत्तीहरूको माग तथा प्रत्येक वडामा ट्रान्सफर्मरको माग स्थानीयहरूले गरेको अवस्था छ । नगरपालिकामा विद्युत प्रसारण लाईन बिस्तार तथा सुधार गर्नुपर्ने साथै Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मरको स्तरोन्नती तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ । विद्युत ऊर्जा साथ साथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग तथा व्यवसाय, सिँचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ । अतः यस नगरपालिकामा अल्पकालिन रुपमा सौर्य उर्जा र बायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ ।

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । यस नगरपालिकाले उक्त मौलिक हकलाई कार्यान्वयन गर्न सूचना तथा सञ्चारसम्बन्धी विभिन्न कार्यक्रमहरुको सन्चालन गरेको छ । नगरपालिकाको घरधुरी तथ्याङ्क संकलन २०७५ को तथ्याङ्क अनुसार यहाँ संचारको आधारभूत सेवा सुविधाहरु उपलब्ध रहको पाउन सकिन्छ । यहाँका करिब ५० प्रतिशत जनसंख्यासँग मोवाइल फोन र ५० प्रतिशत घरधुरीमा टेलिभिजनको प्रयोग हुने गरेको छ । यहाँका शत् प्रतिशत घरधुरीमा रेडीयोको पहुँच रहेको छ भने २५ प्रतिशत घरधुरीले इन्टरनेट प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैगरी नगरपालिकामा नेपाल टेलिकमको एडिएसएल सेवा साथै निजी क्षेत्रमा विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरूले इन्टरनेट सेवा प्रदान गर्दै आएका भए तापनि इन्टरनेट प्रविधिको अवस्था कमजोर रहेकोले विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ । साथै सबै वडाहरुमा स्तरीय इन्टरनेट सेवा उपलब्ध हुन सकेको छैन । यस नगरपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुर आदिको आपूर्ति हुने गरेको छ । डीसहोम मार्फत टेलिभिजन प्रसारण हुँदै आएकोले नगरपालिकावासीले विभिन्न किसिमका समाचारका साथै मनोरञ्जनात्मक कार्यक्रम हेर्ने मौका पाएका छन् भने नगरपालिका भित्र स्थानिय टाइगर एफ.एम रेडीयो पनि सञ्चालनमा रहेको पाउन सकिन्छ ।

### २.४.८ बजारको पहुँच

यस नगरपालिकाका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरीगाँउ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाईन्छ। यस पालिकाका नागरिकका लागि वर्षको वाह्ै महिना बजार सम्मको पहुँच सहज छ भने अन्यमा जिल्लासंगको समन्वयमा पनि सहज रहेको छ। आन्तरिक रुपमा उत्पादन हुने खाद्यन्नले वर्षको अधिकांस घरपरीवारलाइ पुग्ने अवस्था भएकाले नागरिकहरु खाद्यान्न बिक्रि र ब्यापारमा पनि सकृय रहेका छन ।

### २.५ खाद्य तथा पोषण सुरक्षा, अधिकारको विद्यमान अवस्था

क)  खाद्य तथा कृषि यहाँका अधिकांस नागरिकहरू कृषि पेशामा आवद्ध छन्। धान, गहु, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमी तरकारी यहाँको मुख्य उत्पादन रहेको छ। यस पालिकाक्ो बर्दिया राष्ट्रिय निकुञ्जको भुमी लाइ छोडेर बाकि भूभाग कृषियोग्य रहेको छ जो ४७.८० प्रतिसत रहेको छ। समथर जमिन, सिंचाईको अभाव, रासायनिक मलको कतै अभाव त कतै उच्च प्रयोग, गोठेमलको न्यून उत्पादन तथा व्यवस्थापन, उन्नत जातको बिउविजन बारे स्थानीयलाई ज्ञान नहुनु तथा त्यस्तो विउविजनको उपलब्धतामा कमी, कृषि पेशामा स्थानीयको लगाव घट्दै जानु, वर्षाको समयमा बाढीले डुबान हुनु र अन्नबाली बगाउनु, बस्ति जोखिममा पार्नु आदि न्यून कृषि उत्पादनको मुख्य कारणहरु रहेका छन। कृषि उत्पादनको उपलब्धता स्थानिय भन्दा आयातित धरै हुनु, बजारमा उचित मुल्यको अभाब, पहुँच न्युन क्रय शक्ति आदिको कारण खाद्य असुरक्षित पालिकाको रुपमा हेरिदै आएको छ।

ख)  पोषण, सरसफाइ तथा खानेपानी पालिकाबासीको लागि बजारी खाना चाउचाउ, मम, चाउमिन, पानीपुरी, दालमोठ, बेकरी उत्पादन र बोटलबन्द पेय पदार्थ प्रति आकषर्ण बढिरहेको गएको छ। नगरघरमा हरियो तरकारीको बिकल्पमा समेत चाउचाउको प्रयोग बढ्दो रहेको छ भने बालबालिकालाई समेत, स्थानीय पौष्टिक खानाको साटो चाउचाउ, कुरमुर्े, आलु चिप्स लगायतको औधोगिक उत्पादन खुवाउने चलन बढ्दो छ। आमा र परिवारको सदस्यलाई पोषण बारे ज्ञान नहुनु, औधोगिक उत्पादनको बढ्दो बजारीकरण, छिमेकीको देखासिखी आदिको कारण पत्रुखाना प्रति आर्कषण र समुदायको खाने बनीमा पोषणको दृष्टिकोणले नकारात्मक परिवर्त देखिएको छ। आफ्नो उत्पादनलाई उचित उपयोग र भण्डारण गर्नुको सट्टा सस्तोमा बेच्ने र महङ्गोमा बजारिया पकेटबन्द खाना र पेय पदार्थ खरिद गर्ने चलनले समुदायस्तरमा खाद्य असुरक्षा दिनानुदिन बढ्दो छ।

ग)  आर्थिक पहुँच तथा रोजगारी यस नगरपालिकाको जनसंख्याको मुख्य आयश्रोत कृषि, पशुपक्षी पालन, व्यापार उद्योग, नोकरी र नेकारीबाट सेवानिबृत भई पाईन्े शेवासुविधा वा पेन्सन बैदेशिक रोजगार, ज्याला मजदुरी आदि रहेको छ। यस मध्ये सबै भन्दा बढी आम्दानी कृषि र व्यापार बाट हुने गरेको पाइन्छ। पालिकाको सबैभन्दा बढी घरधुरीको आम्दानीको श्रोत कृषि उत्पादन रहेको छ भने सबैभन्दा कम रोजगारी रहेको छ। पालिकामा औपचारिक रुपमा रोजगार जनसंख्या झन्डै १७ प्रतिशत रहेको छ भने बाँकी जनसंख्या कृषि, व्यापारमा आश्रित रहेको छ। पालिकाको ९ वटै वडाका मानिसहरु बैदेशिक रोजगारीमा गएका छन् यो एउटा आयको मजबुद श्रोतको रूपमा रहेको छ।

## २. ६ विद्यमान अवस्था(समस्या, चुनौती, सवल पक्ष तथा अवसरहरुको विश्लेषण)

### २.६.१ नगरपालिका स्तरमा

गणतन्त्रको स्थापना तथा संघिय शासन प्रणालीको शुरुआत सँगै स्थानिय सरकार गठन भई जन आकांक्षा अनुरुप ठाकुरबाबा नगरपालिकाले दोश्रो कार्यकालमा काम गरीरहेको छ। नयाँ संवैधानिक संरचना तथा स्थानीय तहको दायित्व ठुलो छ भने स्थानीय सरकारप्रति जनआकांक्षा तथा अपेक्षाहरु धैरै रहेका छन्। यि जनआकांक्षा तथा अपेक्षा पुरा गर्न नगरपालिकाले विगतका वर्षहरूमा वार्षिक निती तथा कार्यक्रम मार्फत विकास निर्माणका कामहरु अगाडि बढाइरहेको छ। तत्कालिन समयमा विद्यमान कोभिड १९ को विश्व महामारीको परिस्थितीमा संक्रमणलाई न्यूनिकरण तथा नियन्त्रण, खाद्य सुरक्षाको परिपूर्ति गरी समाजलाई जोखिम मुक्त बनाउने जटिल चुनौती रहेको थियो भने नगरपालिकाको आर्थिक अवस्था मजबुत बनाउँदै विकास निर्माण तथा गुणस्तरिय सेवा प्रदान गर्नुपर्ने छ। नगरपालिकाको आन्तरिक आमदानीको श्रोत वृद्धि तथा मानविय क्षमता बलियो बनाइ नगर वासीहरुको आशा, भरोसा तथा नागरिकका मौलिक हकहरुको सुनिश्चित गर्नुपर्ने दायित्व रहेको छ। सिमित साधन तथा श्रोतहरुको परिचालन गरि स्थानीय सेवा सुबिधाहरु सहज रुपमा नागरिकहरुलाई उपलब्ध गराउने जिम्मेवारी नगरपालिकमा रहेको छ भने भोकमरीको अन्त्य, गरिवी निवारण तथा आर्थिक विकाशका अवसरहरुको श्रृजना गरि नागरिकको खाद्य अधिकारको सुनिश्चित गर्नुपर्ने गहन दायित्व रहेको छ। यिनै पृष्ठभूमिमा समग्र नगरपालिकाका समस्या तथा चुनौती, सवलपक्ष, सुधार गर्नुपर्ने क्षेत्र अवसरहरु तथा सम्भाव्यताहरु को संक्षिप्त विश्लेषण निम्न अनुसार रहेका छन्:

### क. मुख्य समस्या तथा चुनौतीहरु

- विद्यमान गरिबीको अवस्थालाई राष्ट्रिय लक्ष्य अनुसार २०३० सम्म ५ प्रतिशत र भोकमरीको अवस्था २०२५ सम्म शुन्यमा झार्न हालको नगरपालिकाको आर्थिक तथा मानविय संसाधनले मात्र पुरागर्न कठीन हुने अवस्था छ। नगरपालिकामा समग्र गरिवी तथा भोकमरीको अवस्था निकै संवेदनशील छ। याहाँको झण्डै केही घरधुरीलाई वर्षभरि आफ्नो उत्पादनले खान पुग्दैन भने बेरोजगारीको बिद्यमान अवस्था पनि जटिल छ।
- बहुसंख्यक जनता कृषि तथा पशुपालनमा आश्रित भएतापनि कृषि क्षेत्रबाट युवा जनशक्ति पलायन हुँदा, कृषि जनशक्ति कम हुँदै गइरहेको छ भने कृषि तथा पशुपालनलाई व्यवसायमुखी बनाई उत्पादकत्व बढाउन चुनौतीपूर्ण अवस्था रहेको छ। परम्परागत कृषि प्रणाली भएकाले यहा उत्पादित खाद्यान्नले केहि घरधुरीलाइ छोडेर खान पुग्ने अबस्था छ।
- समुदाय स्तरमा विशेषतः महिला, किशोर–किशोरी तथा बालबालिकाहरुमा पोषण, खाद्य सुरक्षा तथा खाद्य अधिकार बारे जनचेतनाको कमी रहेको छ, बढ्दो पत्रु खानाको प्रयोग, सरसफाइ तथा सफा खानेपानीको पहुँच सबै घरपरिवारमा पुर्याउन नसकिएको अवस्था छ। कुपोषण, झाडापखाला, निमोनिया तथा अन्य मौसमी रोगहरुका कारण आमा तथा वाल मृत्यु दर तुलनात्मक रुपमा कम छ।
- कृषि, खाद्य तथा पोषण सँग सम्बन्धि आधारभूत सूचना तथा तथ्याङ्कलाई आधुनिक डिजिटल प्रणाली अनुसार व्यवस्थापन गर्न सकिएको छैन। गरिवी तथा भोकमरीमा रहेका घरपरिवारका लागत, कृषक परिचय पत्र तथा जोखिमपूर्ण अवस्थाको नक्साङ्कन गरि नगरपालिका भित्र सवै किसीमका सूचनाहरु अद्यावधिक गर्नुपर्ने छ।

- आवधिक तथा दिर्घकालिन नगर विकास योजना निर्माण तथा प्रभावकारी कार्यान्वयनका लागि हालको आर्थिक तथा मानविय क्षमता प्रयाप्त छैन।
- कृषि बजारमा बिचौलियाहरुको हस्तक्षेप अत्यधिक भएकोले कृषकहरुले कृषि उपजको सहि मुल्य पाउन सकेको छैनन्, कृषि बजारमा कृषकहरुको पहुँच बढाउन सकिरहेको छैन भने कृषि उपज संलकन केन्द्रहरुलाई व्यवस्थित तथा संस्थागत बनाउनु पर्ने चुनौती छ।
- कृषकहरुलाइ उत्पादन सामग्री विशेषत रसायनिक मल तथा गुणस्तरिय बीउ सहज रुपमा उपलब्ध हुन सकेको छैन। मल, बीउ तथा कृषि बजारको सहजता राष्ट्रिय समस्या, चुनौतीको विषय भएकोले स्थानिय स्तरमा कृषकहरुमा निरासा पैदा भइरहेको अवस्था छ।
- कृषि पेशा तथा कृषकहरुलाई सम्मानजनक रुपमा अगाडि बढाउन सकिएको छैन, युवाहरु कृषि क्ष ेत्रबाट पलायन भैरहेका छन भने कृषकहरुलाई संस्थागत रुपमा समेटी कृषकको पहिचान गर्नुपर्ने ठूलो चुनौती रहेको छ।
- सडक पुर्वाधार सहज भएतापनि समयमै मल, बीउ, कृषि सामग्री, कृषि प्रविधी तथा आधुनिक कृषि उपकरणहरुको सहज परिपूर्ति हुन सकिरहेको छैन।
- कृषि तथा पशुपालनलाई उद्यम व्यवसायका रुपमा अगाडि बढाउन आवश्यक सहुलियत पूर्ण कृषि कर्जा, अनुदान तथा कृषि पशु विमालाई प्रभावकारी बनाउनु पर्ने चुनौती छ।

**ख. अवसर तथा सम्भावना**

- पर्यटन प्रर्वधनका लागि होटल, रेष्टुरेष्ट, होमस्टे तथा पैदल मार्गका लागि नगरपालिका तथा निजी क्षेत्रसँगको साझेदारीको सम्भावना रहेका छन्।
- विद्यमान संक्रमणकालिन अवस्थामा प्रदेश तथा संघसँगको समन्वयमा आवधिक तथा दिर्घकालिन विकास योजनाको निर्माण, कार्यान्वयन तथा दक्ष जनशक्तिको परिपूर्ति गरी संवृद्ध, हराभरा तथा सुगम नगरपालिका बढाउन सम्भव छ।
- जल तथा जमिनको दिगो व्यवस्थापन गरी कृषि क्षेत्रलाई व्यवसायिक बनाउने, दिगो कृषि प्रणाली तथा धरातलिय स्वरुप अनुसारको वैज्ञानिक खेती प्रणालीको बिस्तार गरि कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न विकाश साझेदार संस्थासंग हातेमालो गर्ने।
- प्रदेश तथा संघिय सरकारको संयुक्त लगानीमा कृषि थोक बजारको स्थापना, कृषि उपजहरुको प्रशोधन तथा वितरणको व्यवस्था गरी कृषि, पशु ब्यबसायलाइ नगरवासीको मुख्य आर्थिक श्रोतको रुपमा विकसित गर्न सकीने सम्भावना रहेको छ।
- नगरपालिकामा रहेका कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुको साझेदारीमा कृषक समुहहरुलाई संस्थागत गरी कृषि बजार तथा संलकन केन्द्रहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन सकिने सम्भावना रहेको छ।
- कृषि तथा बाख्रा पालन क्रमिक रुपमा व्यबसयिक भैरहेको अवस्थामा यि क्षेत्रहरुलाई पकेट क्षेत्रको रुपमा बिस्तार गरि पूर्ण रुपमा व्यबसायिकरण गर्ने संभावना रहेको छ।

**ग. सवल पक्षः**

- नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको क्षेत्राधिकार अन्तर्गत ठाकुरबाबा नगरपालिकाले ऐन, नियम र कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइसकेको छ ।
- जनसहभागिता तथा समावेशीमुलक वार्षिक नीति तथा कार्यक्रमहरु, आवधिक योजना निर्माण तथा विकास योजनाहरुको कार्यान्वयन प्रक्रियाको थालनी भएको छ ।
- पूर्वाधार निर्माण विशेषगरी सडक सञ्जालको विस्तार, बिजुली बत्तीको पहुँच तथा सञ्चार सेवा क्रमिक रुपमा विस्तार भैरहेका छन ।
- चालु वर्षमा नगरपालिका कर्मचारीहरुको क्रमिक व्यवस्थापन गरी विषयगत क्षेत्रका कर्मचारीहरुको पदपुर्ती गरेको छ। कृषि, स्वास्थ्य, शिक्षा तथा अन्य विषयगत क्षेत्रका कर्मचारीहरुले समुदायमा सेवा निरन्तर गरिरहेका छन् । जनप्रतिनिधि र कर्मचारीहरु विच सौहार्दता, समन्वय तथा सहकार्यमा आधारभूत सेवा तथा विकास निर्माणका कार्यहरु कार्यान्वयन भैरहेका छन ।

**२.६.२. वडा स्तरीय समस्या, चुनौती, सवलपक्ष तथा अवसरहरुको विश्लेषणः**

| वडा नं. | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| १ | सडक सहज पहुचँ, बजारको सहज पहुँच, ग्रामीण सडक , विजुली बत्ती, खानेपानी उपल्ध्धता, व्यवासायिक उन्मुख किसान, तरकारी केन्द्र, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति सामुदायिक संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान, प्रोत्साहन र सिंचाई गर्ने ब्यबस्था | कृषि व्यावसायिक तथा औद्योगिकरण, स्वारोजगार सिंर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपजवस्तुको निर्यात प्रर्वद्धन | नीति क्षेत्रसंगको साझेदारीमा लगानी, युवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता |
| २ | सडक स्तरोउन्नती, बजारको सहज पहुँच, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी उपल्ध्धता, व्यवासायिक उन्मुख किसान, तरकारी केन्द्र, दुग्ध संकलन केन्द्र, | ग्रामीण सडकको स्तरउन्नोति गर्न मान्दैनन, समहु तथा सामुदायिक संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र | कृषि व्यावसायिक तथा औद्योगिकरण,स्वारोजगार सिंर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, आँप, लिची, केरा, मेवा प्रर्वद्धन | विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंगको साझेदारीमा लगानी, युवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, |

| | | | | |
|---|---|---|---|---|
| | | प्रोत्साहन, खानेपानी तथा सिंचाई व्यवस्था | | विचौलियाबाट प्रताडित |
| ३ | सडक स्तरोउन्नती, बजारसंग सम्पर्क विस्तार, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, व्यवासायिक उन्मुख किसान, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति, विमा कम्पनीलाई विमा गराउनु पर्ने, संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र प्रोत्साहन, सिंचाई व्यवस्था | कृषि व्यावसायिक तथा औद्योगिकरण,स्वारोजगार सिर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, आँप, लिची, केरा, मेवा प्रर्वद्धन | विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंगको साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, विचौलियाबाट प्रताडित, |
| ४ | सडक निमार्ण भईरहेको, बजारसंग सम्पर्क विस्तार, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, यूवा जनशक्ति हुनु | ग्रामीण सडकको स्तर उन्नति, विमा कम्पनीलाई विमा गराउनु पर्ने, संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र प्रोत्साहन, सिंचाई व्यवस्था | कृषि व्यावसायिक तथा औद्योगिकरण,स्वारोजगार सिर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, आँप, लिची, केरा, मेवा प्रर्वद्धन | डढेलो नियन्त्रण, विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्र संग साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, विचौलियाबाट प्रताडित |
| ५ | सडक स्तरोउन्नती, बजारसंग सम्पर्क विस्तार, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, व्यवासायिक उन्मुख किसान, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति, कृषि विमा कम्पनी लाई विमा गराउनु पर्ने, सामुदायिक संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा | कृषि व्यावसायिक तथा औद्योगिकरण, स्वरोजगार सिर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, केरा, मेवा, आप, लिच्चि प्रर्वद्धन | डढेलो नियन्त्रण, विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंग साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, |

| | | | | |
|---|---|---|---|---|
| | | अनुदान र प्रोत्साहन, सिंचाई व्यवस्था | | विचौलियाबाट प्रताडित |
| ६ | सडक स्तरोउन्नती, बजारसंग सम्पर्क विस्तार, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, व्यवासायिक उन्मुख किसान, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति, विमा कम्पनीलाई विमा गराउनु पर्ने, संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र प्रोत्साहन, सिंचाई व्यवस्था | कृषि व्यावसायिक तथा औद्योगिकरण,स्वारोजगार सिंर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, आँप, लिची, केरा, मेवा प्रर्वद्धन | विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंगको साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, विचौलियाबाट प्रताडित |
| ७ | सडक स्तरोउन्नती, बजारसंग सम्पर्क विस्तार, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, व्यवासायिक उन्मुख किसान, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति, विमा कम्पनीलाई विमा गराउनु पर्ने, संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र प्रोत्साहन, सिंचाई व्यवस्था | कृषि व्यावसायिक तथा औद्योगिकरण,स्वारोजगार सिंर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, आँप, लिची, केरा, मेवा प्रर्वद्धन | विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंगको साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, विचौलियाबाट प्रताडित, |
| ८ | सडक स्तरोउन्नती, बजारसंग सम्पर्क विस्तार, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, व्यवासायिक उन्मुख किसान, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति, विमा कम्पनीलाई विमा गराउनु पर्ने, संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र | कृषि व्यावसायिक तथा औद्योगिकरण,स्वारोजगार सिंर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, आँप, लिची, केरा, मेवा प्रर्वद्धन | विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंगको साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, |

| | | | | |
|---|---|---|---|---|
| | | प्रोत्साहन, सिंचाई व्यवस्था | | विचौलियाबाट प्रताडित |
| ९ | सडक स्तरोउन्नती, बजारसंग सम्पर्क विस्तार, ग्रामीण सडक, विजुली बत्ती, खानेपानी सेवामा पहुँच वृद्धि हुदै, व्यवासायिक उन्मुख किसान, दुग्ध संकलन केन्द्र | ग्रामीण सडकको स्तर उन्नति, कृषि विमा कम्पनी लाई विमा गराउनु पर्ने, सामुदायिक संस्थाको नियमन र परिचालन, प्राविधिक जनशक्ति परिचालन र प्रोत्साहन, कृषि व्यावसायिक योजनाका आधारमा अनुदान र प्रोत्साहन, सिंचाई व्यवस्था | कृषि व्यावसायिक तथा औद्योगिकरण, स्वरोजगार सिर्जना, कृषिमा आधारित घरेलु उद्योग, नीजि क्षेत्रको लगानी, कृषि उपज वस्तुको निर्यात प्रर्वद्धन, ताजा तरकारीको पकेट क्षेत्रको विकसित, केरा, मेवा, आप, लिच्चि प्रर्वद्धन | डढेलो नियन्त्रण, विमा कम्पनीले विमा गर्न मान्दैन, नीति क्षेत्रसंग साझेदारीमा लगानी, यूवा शक्तिको कृषि क्षेत्रबाट पलायन, सीपयूक्त जनशक्तिको अभाव, न्यून आर्थिक क्षमता, विचौलियाबाट प्रताडित |

## २.७ जोखिम तथा विपद विश्लेषण

ठाकुरबाबा नगरपालिकाको जोखिम तथा विपदको स्थितीको विश्लेषण गर्दा आर्थिक तथा सामाजिक रुपमा दलित, मुस्लिम तथा जनजातीहरुको संकटासन्न अवस्थामा देखिन्छ । सिंचाईको अभाव, कृषि प्राविधिक ज्ञानको अभाव, सरकारको कृषि क्षेत्रमा कम लगानीका कारण केहि घरपरिवारलाई वर्ष भरी खान पुग्दैन, भने उनीहरुको जीवन पनि गुणस्तरिय छैन। शिक्षा, पोषण तथा दक्ष शिपको कमी छ भने अधिकाश परिवार निर्वाहमूखी खेतीमा निर्भररहेका छन। ज्याला मज्दुरी तथा बैदेशिक रोजगारी अन्य जीवकोपार्जनका श्रोतको रुपमा रहेको छ।

परम्परागत खेती प्रणाली, श्रमशक्तिको कमी तथा उत्पादनका सामग्रीहरुको पहुँच न्यून रहको छ। रासायनिक विषादीको जथाभावी प्रयोगले प्रत्येक्ष रुपमा मानविय स्वास्थ्य तथा पशुपन्छीमा असर पुर्याएको छ। राजमार्गको सहज पहुँच रहेकोले अटो रिक्साको व्यवसाय अध्यधिक छ। अन्य प्राकृतिक प्रकोपले ल्याउने जोखिम तथा विपदमा खडेरी, मनसुनमा निर्भर रहने कृषकहरु पर्दछन भने चटयाङ, आगलागीको जोखिम पनि रहेको छ।

## ३. हालको अवस्था

नगरपालिका घरधुरी तथ्याङ्क संकलन, २०७९ अनुसार ११६६४ घरधुरी रहेको यस नगरपालिकामा कुल ५७,३५७ जनसंख्या रहेको छ जसमा २९,०७० पुरूष, २८,२८७ र अन्य ५ जना रहेका छन। नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। उपधारा १ मा प्रत्येक "नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भनि उल्लेख गरिएको छ। यसै हकको कार्यान्वयन गराउने दायित्व स्थानीय सरकारको भएकोले नगरपालिकामा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ। यस नगरपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेको, नगर अस्पताल र विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाउन सकिन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ। नगरपालिकाको

बार्षिक स्वास्थ्य प्रतिवेदन २०७७/०७८ अनुसार हाल यस नगरपालिकामा ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ सर्पदशं उपचार केन्द्र, १ आरोग्य केन्द्र र १ नगर अस्पतालबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। यसका अलावा २० वटा गाँउघर क्लिनिक, २६ वटा खोप क्लिनिक संचालनमा रहेका छन। नगरपालिकाभर ६२ जना स्वास्थ्यकर्मी सहित ८३ जना महिला स्वास्थ्य स्वयमसेविकाहरु स्वास्थ्य सेवा प्रवाहमा सकृय रहेका छन्।

**४. बिद्यमान स्वास्थ्य समस्या, चुनौती तथा अवसरहरु**

**४.१ स्वास्थ्य समस्या**

- संबिधानको भावना अनुसार सबै क्षेत्र, तह, तप्का, वर्ग तथा समुदायका नागरिकका लागि स्वस्थ्यसेवा सर्बसुलव पहुँचमा पुर्याउन सकिएको छैन।
- कुपोषणको अवस्था ब्यापक रहेको छ।
- बर्थिग सेवा सबै स्वास्थ्य संस्थाहरु तथा वडामा सन्चानल हुन सकेको छैन।
- नसर्ने खालका रोगहरू बढ्दै गएको कारणले नसर्ने रोगहरू जस्तै मधुमेह, उच्च रक्तचाप, हृदय रोग, क्यान्सर जस्ता रोगहरु जनस्वास्थ्यको प्रमुख समस्याको रूपमा अगाडि आएको छ।
- सिकलसेल, क्षयरोग,कुष्ठरोग,औलो तथा अन्य निवारण गर्नु पर्ने रोगहरुको क्षेत्रमा चाहे जस्तो लक्ष्य प्राप्त गर्न नसकेको।
- सुरक्षित मातृत्व सेवा अन्तरगत रहेको संस्थागत प्रसुति सेवा लक्ष अनुसार प्रगति गर्न नसकेको।
- मातृ मृत्यु र शिशु मृत्युदरमा कमी आउन नसकेको।
- किशोर किशोरी मैत्री सेवामा प्रभावकारीता प्राप्त गर्न नसकेको।
- फोहोर मैला तथा दिशाजन्य फोहरको उचित ब्यबस्थापन, ढल निकासा, सुरक्षित पिउने पानीको उचित ब्यबस्था नभएको।
- चुरोट, रक्सी तथा लागु औषध दुर्ब्यासन नियन्त्रणमा ल्याउन नसकेको।
- नगरपालिका भित्र रहेका पिछडिएका, गरिब, असहाय, स्वास्थ्य सेवाको पहुंचबाट टाढा रहेका नागरिकका लागि स्वास्थ्य उपचार सुलभ छैन। गम्भीर प्रकृतिको रोग लागेमा उपचार महँगो भई परिवारनै आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्तगर्न नसकी घरैमा मृत्युवरण गर्नुपर्ने अवस्था पनि विद्यमान छ
- वैकल्पिक उपचार पद्धतिको विकास, विस्तार र सदुपयोग हुन सकेको छैन।
- विविध कारणले गर्दा पछिल्ला दिनहरूमा स्वास्थ्यकर्मी तथा स्वास्थ संस्थाहरूको सुरक्षामा असहजता देखिने गरेको छ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचार, स्वास्थ्यमा वातावरणीय प्रभाव, व्यवसायजन्य सुरक्षा, किशोर किशोरीहरूको यौन तथा प्रजनन्स्वास्थ्य एवम् विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रबर्धनका लागि पर्याप्त स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन।

- प्राकृतिक विपद जस्तै बाढीले प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको साथै प्राकृतिक विपदले निम्त्याउने महामारीको समस्या ।
- स्वास्थ्य क्षेत्रको विकासमा प्रतिवद्धता आए पनि लगानी पर्याप्त नहुनु, उपलब्ध श्रोत पनि समुचित सदुपयोग नहुनुका साथै नागरिकले पाएको स्वास्थ्य सेवा र त्यस सम्बन्धी ऐन नियमहरूको कार्यान्वयन सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- समुदाय स्तरका स्वास्थ्य संस्थाहरुमा निरन्तर औषधीको आपुर्तीमा समस्या ।
- नेपाल सरकारको मापदण्ड बमोजिम स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधार तथा व्यवस्थापकिय सामाग्री र औजारहरुमा कमी ।

## ४.२ चुनौती

- स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु ।
- समुदायमा जनचेतनाको कमीले गर्दा मातृ तथा शिशु मृत्यु कम गर्न ।
- निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सबै पालिकावासीलाई सर्बसुलभ रुपमा उपलब्ध गराउनु ।
- अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य उपचारमा उच्च रहेको खर्च घटाउनु तथा स्वास्थ्य बिमालाई प्रभावकारी रुपमा कार्यन्वयन गराउनु ।
- वित्तीय स्रोतको परिमाणको निर्धारण र उपलब्धता सुनिश्चितता गर्नु ।
- संघीय प्रणाली अनुरुप स्वास्थ्य संस्थाको स्थापना गरी सञ्चालन गर्नु ।
- स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित, एकीकृत र प्रविधिमैत्री बनाउनु ।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्यांकको प्रयोग बढाउनु ।
- स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा सुशासन कायम गर्नु ।

## ४.३ अवसरहरू

- संविधान प्रदत्त एकल तथा साझा अधिकारका सूची विस्तृतीकरण भई स्पष्ट रूपमा स्वास्थ्य सम्बन्धी पालिकाको अधिकार निर्धारण हुनु ।
- स्वास्थ्य बीमा कार्यान्वयनमा अगाडि आउनु ।
- सबै तहले आ–आफ्नो स्रोतबाट स्वास्थ्यमा लगानी सुरु गर्नु ।
- रष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउने कुरामा जोड दिनु ।
- प्रत्येक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने गरी नेपाल सरकारको प्रतिवद्धता आएसँगै स्वास्थ्य संस्थाको संजाल विस्तार हुनु ।
- सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिती गठन हुनु ।

- स्वास्थ्य संस्थाहरुमा दरबन्दि अनुसारका कर्मचारीहरुको पदपुर्ती भएको साथै नगरपालिकाले समेत बर्थिंग सेन्टर र ल्याबका लागि जनशक्तीको व्यवस्था गर्नु ।
- परिवार नियोजन तथा सुरक्षित मातृत्व शेवाका लागि सबै स्वास्थ्य संस्थामा तालीम प्राप्त जनशक्तीको उपलब्धता हुनु ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत संस्थाहरु संग समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने

## ५. पालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ५.१ नीतिको औचित्य

स्वास्थ्य क्षेत्रले विगतमा केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम गरी हालका समस्या तथा चुनौतिहरूको सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ । ठाकुरबाबा नगरपालिकाको सामाजिक, आर्थिक परिस्थिति एवं संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारसँग समिप्यता राख्ने गरी मार्ग निर्देशन गर्न यो नीतिको तर्जुमा अपरिहार्य रहेको छ । स्वास्थ्य क्षेत्रमा ब्याप्त असममानता, असमावेशीता, भेदभाव उन्मूलन गरी समतामूलक स्वास्थ्य सेवा सुनिश्चित तथा स्वास्थ्य सेवा पहुँचयोग्य, उपलब्धता, सर्व स्विकार्य र गुणस्तरीय बनाउदै नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई संवोधन गर्नका लागि एबं नेपालले सहस्राब्दी विकासका लक्षहरुमा प्राप्त सफलतालाई कायम राख्दै दिगो विकासको लक्ष हासिल गर्नका लागि समेत यो नीति अपरिहार्य छ ।

### ५.२ निर्देशक सिद्धान्त

नगरपालिकावासीको स्वास्थ्यसम्बन्धी हक र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न देहायका निर्देशक सिद्धान्तहरूको आधारमा यो नीति प्रतिपादन गरिएको छः

(क) पहुँचमा व्यापकता, सेवामा गुणस्तरीयता ।
(ख) लगानीमा पर्याप्तता, व्यवस्थापनमा कुशलता ।
(ग) बहुक्षेत्रीय समन्वय, सहकार्य तथा जनसहभागिता ।
(घ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको प्रबर्धन तथा समुचित व्यवस्थापन ।
(ङ) सामाजिक सुरक्षाका कार्यक्रममा सुदृढ सामञ्जस्यता ।
(च) दक्ष स्वास्थ्य मानव संसाधनको उत्पादन तथा समूचित व्यवस्थापन र सामाजिक उत्तरदायित्व ।
(छ) स्वास्थ्य सेवामा पुनर्संरचना ।

## ६. नीतिहरु

ठाकुरबाबा नगरपालिकाको विशिष्टीकृत भौगोलिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सेवाका अन्य समस्या र चुनौतीहरूलाई सम्बोधन गरी नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदानगर्न नगर कार्यपालिकाले देहायका नीतिहरू अवलम्बन गरेको छ :

६.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा अविच्छिन्न प्रवाह गरिने ।

६.२ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई जनमैत्री, जवाफदेही एवं परिणाममूखी बनाइने ।

६.३ समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, सामाग्री, औजार तथा उपकरणहरुको उचित व्यवस्था गरिनेछ ।

६.४ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाद्वारा जनस्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरिनेछ र आवश्यकता अनुसार सामुदायिक, निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरिने।

६.५ तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकिकृत गरी सुदृढ र प्रविधि मैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्धन गरिनेछ

६.६ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको विकास तथा ब्यवस्थापन गरिनेछ।

६.७ पोषण स्थितिलाई सुधार गर्न स्वास्थ्य बर्धक खाद्य पदार्थको उत्पादन, सुरक्षा, प्रवर्धन, पहुँच र उपभोगमा बृद्धि गरिनेछ।

६.८ आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई ब्यवस्थित गरिनेछ।

६.९ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रबर्धन र ब्यवस्थापन गरी नगरपालिकाबासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।

६.१० जनस्वास्थ्यको आपतकालिन अवस्था तथा अन्य महामारी, विपद वा प्रकोपको असरहरुको न्यूनीकरण, प्रतिकार्य एवं पून:स्थापना बहुपक्षीय सहकार्यद्वारा उचित व्यवस्थापन गरिनेछ।

६.११ सामाजिक, आर्थिक, भौगोलिक तथा साँस्कृतिक हिसाबले पछाडि वा वञ्चितीमा परेका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच र उपभोग सुनिश्चित गरी सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरिनेछ।

६.१२ सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ।

६.१३ स्वास्थ्य क्षेत्रका प्रगति एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धि हाँसिल गर्न तथा सेवाको गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन, सुपरिवेक्षण तथा नियमन गरिनेछ।

६.१४ बिभिन्न सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ।

६.१५ नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तीजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागुपदार्थ दुव्र्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई नियन्त्रण तथा निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रबर्धन गरिनेछ।

**७. नीति अन्तर्गत रणनीतिहरु नीति**

७.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार पालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

७.२ राष्ट्रिय मापदण्ड बमोजिमका स्वास्थ्य संस्थाहरु नगरपालिकाको सवै वडाहरुमा स्थापना गरी निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइने।

कृषि तथा पशुपंक्षी पालन मुख्य आर्थिक श्रोतको रुपमा रहेकाछन् भने वैदेशिक राजेगारीमा जाने युवाहरुको संख्या उल्लेख्य देखिएको छ। त्यस्तै दुग्ध संकलन केन्द्र तथा तरकारी संकलन केन्द्रहरु सञ्चालनमा आउन थालेकाले र सडक पहुँच रहेकोले व्यवसाय तर्फ उन्मुख हुन थालेकाछन्।

**८. रणनितिले लिएका अपेक्षाहरू:**

**क्षेत्रगत प्रतिफल: कृषि क्षेत्र**

| प्रतिफल | वार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | जम्मा |
| व्यवसायिक तरकारी खेती प्रर्वधन सबै वडामा कम्तिमा ३०प्रतिसत घरधुरीहरू व्यवसायिक तरकारी खेतीमा आवद्य भएका हुनेछन। | अध्ययन तथा कार्य योजना तयार | ४० प्रतिसत | ६० प्रतिसत | १०० |
| तरकारी संकलन केन्द्रको निर्माण प्रत्येक वडामा सबैलाइ पायक पर्ने ठाउँहरुमा | अध्ययन तथा कार्य योजना तयार | २ | ४ | ६ |
| तरकारी खेती गर्ने कृषक समुहको पहिचान, समुहमा कार्य योजना तथा समुह दर्ताका साथै तरकारी सहकारी संग आवद्ध गराउने। | अध्ययन तथा कार्य योजना तयार | ८ | १० | १८ |
| व्यवसायिक तरकारी खेती संवन्धी समुह स्तारिय तालिम (५दिन) | ६ | ६ | ६ | १८ |
| करेसाबारी तरकारी खेती तालिम (२दिने) | १२ | १२ | १२ | ३६ |
| तरकारीको ग्रेडीङ, प्याकिङ, दुवानी लेवल लगाउनेबारे समुह स्तारिय तालीम | | २ | २ | ४ |
| सबै वडाका १० प्रतिसत कृषकहरु व्यवसायिक फलफूल खेतीमा संलग्न हुनेछन (आप, लिच्चि, केरा, ड्रागनफ्रुट) | व्यवसायिक खेतीवारे अध्ययन | २ | २ | ४ |
| बाहमासे कागती खेती सबैवडामाअनुमानित ३०० कृषकहरु कागती खेतीमा सहभागि हुनेछन। | तालिम | १३० | १७० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| सबै वडाहरुमा करिव १००० किसान खाद्यान्न वाली (धान, मकै, गहुँ, तोरी) को उत्पादन बढाउन उन्नत वीउ र उन्नत खेती प्रविधीवारे कृषकहरुलाइ तालिम, प्रदर्शनी तथा अनुदान सहयोग उपलब्ध गराउने | २०० | ४०० | ४०० | १००० |
| व्यवसायिक तरकारी तथा फलफूल खेती गर्ने किसान मध्ये वार्षिक ४० जना कृषले कृषक भ्रमणको अवसर लिनेछन भने भ्रमणवाट सिकेको नयाँ प्रविधी आ–आफ्नो समुहमा अपनाउनेछन। | ४० | ४० | ४० | २०० |
| **क्षेत्रगत प्रतिफल: पशुपालन तथा पशु स्वास्थ्य** | | | | |
| सबै वडाका गरी करिव १०० कृषकहरु व्यवसयिक वाख्रा पालन गरि उनीहरुको आयस्तर सुधार भएको हुनेछ। | ३० | ३० | ४० | १०० |
| व्यवसायिक वाख्रा पालन संवन्धि तालिम (व्यवसायिक योजना तयार गर्ने, पालिकावाट पाउन सक्ने अनुदान सहयोगका लागि पहल गर्ने) | १ | २ | २ | ५ |
| सबै वडाहरुमा गरी करिव ३० जना युवाहरुले व्यवसायिक कुखुरा पालन गर्नेछन (कुखुरा पालन संवन्धि व्यवसायिक तालिम, ऋणका लागि नजिकको वैंक संग समन्वय) | ८ | ८ | १४ | ३० |
| प्रत्येक १, ३, ६ र ९ वडामा पशुपालका स्थितीको अध्यन गरि दुध संकलन केन्द्र स्थापना भएको हुनेछ | २ | २ | २ | ६ |
| बंगुर पालन (२ र ७ नं.वडामा) | | | | |
| **क्षेत्रगत प्रतिफल: सामुदायिक समुह तथा सहकारी** | | | | |
| सबै वडाका कृषक समुह, आमा समुह वाल क्लव तथा सहकारीहरुको पहिचान तथा उनीहरुको सस्थागत क्षमता अभिवृद्धि भइ सहभागिता वढ्ने छ | १५ | १५ | १५ | ४५ |
| वडा स्तरीय विभिन्न समुहको पहिचान र कार्ययोजना (समुहगत) तयार गर्ने | १५ | १५ | १५ | ४५ |
| समुहसंग छलफल गरि तरकारी, फलफूल तथा पशु पालन संभाव्यत अध्ययन गरि व्यवसायिक योजना निर्माण (सबै वडाहरुमा) | १५ | १५ | १५ | ४५ |

| | | | | |
|---|---|---|---|---|
| सबै समुहको न.पा. संग आवद्ध गराउने र समुहको कार्य योजनाको आधारमा न.पा.ले उपलब्ध गर्न सक्ने आर्थिक अनुदान, क्षेमता अभिवृद्धि र अन्य कृषि प्रसार सेवामा संलग्न गराउने (समुह संख्या) | १५ | १५ | १५ | ४५ |
| सबै समुहका प्रतिनीधीहरुलाई सुसासन, नेतृत्व र समुहको कार्य योजना तथा श्रोत परिचालन सबन्धि क्षामता अभिवृद्धि तालिम तथा अनुगमन। | १० | १० | १० | ३० |
| स्थानीय सहकारीको क्षामता अभिवृद्धि तालिम (श्रोत व्यवस्थान, नेतृत्व, व्यवसायिक योजना तर्जुमा) | ५ | ५ | ५ | १५ |

**<u>क्षेत्रगत प्रतिफल: समुदायको आर्थिक पहुँचमा वृद्धि भइ खाद्य अधिकार सुनिश्चत भएको हुनेछ।</u>**

| प्रतिफल | बार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | जम्मा |
| आर्थिक सामाजिक रुपमा पछाडि परेका महिला दलित, जनजाति, मुस्लिम, अल्पसंख्यक आदिका युवाहरुलाइ व्यवसयिक सिप (कृषि, होटेल तथा निर्माण) लिई ६०० स्वरोजगार भएको हुनेछन। | योजना बनाउने | १०० | १५० | ३०० |
| आमा तथा माहिलाहरुलाई सिलाई, कटाई वुनाइ, मस्यौरा अचार तथा अन्य घरेलु उद्योग संवन्धि तालिम लिइ उनिहरुको आर्य आर्जन वृद्धि भएको हुनेछ। | योजना बनाउने | १०० | १५० | २५० |
| नगरपालिकाले  गरिवी, भौलिगोक विकास विपद वा त्यस्तै अन्य कारणले जोखिममा रहेका लक्षित घर परिवारको अभिलेख अध्यवद्यिक राख्ने छ। | | | | |

| | | | | |
|---|---|---|---|---|
| नगरपालिकाले जोखिममा रहेका लक्षित घर परिवारको अभिलेखको अधारमा खाद्य सहायत परिचय पत्र जारि गारि उक्त सामुदायलाई नि.शुल्क वा सहुलियत मुल्यमा खाद्य सहायता उपलब्ध गराउने छ। | निति बनाउने | ४० प्रतिसत | ६०प्रतिसत | १०० प्रतिसत |
| यस पालिकाको सबै वडाहरुलाई सहज हुने ठाउँमा आपत कालिन खाद्य तथा आधारभूत सामग्रीहरुको भण्डारण गर्ने। यस कार्यक्रमका लागि पालिकाले स्थानिय संघ संस्था, रेडक्रम, I/NGO र प्रकोप संग संवन्धि संस्था तथा प्रदेश संग समन्वय गरि दिर्घकालिन कार्ययोजना बनाउने छ। | | | | |
| खाद्य संकट तथा प्रकोप व्यवस्थापनको पूर्व तयारी योजना बनाउने। | | | | |

**<u>क्षेत्रगत प्रतिफल: आमा तथा वालवलिकाको पोषणको अवस्था सुधार भएको हुनेछ।</u>**

| प्रतिफल | बार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | जम्मा |
| स्थानिय वडाका सबै आमा समुहमा सरकारी संस्थाको साझेदारीमा पोषण तथा सरसफाइ संवन्धि पोषण शिक्षा सञ्चालन गरि करिव ८०० महिलाहरुको चेतनाको स्तर वृद्धि गर्ने। (गर्भवति महिला, आमा र हजुरआमा) | ८ | ८ | २४ | ४० |
| राष्ट्रिय कार्यक्रम डिपीटी, पोलियो थोपा, भिटामिन ए र अन्य कार्यक्रमहरुमा महिला स्वयंसेवीकाहरु परिचालन गरि १०० प्रतिशत पुर्याउने। | | | | |
| स्वाथ्य सम्बन्धि निकायहरूसंग समन्वय गरि विद्यालय स्तरिय सरसफाइ र पोषण शिक्षा सञ्चालन गर्ने। कक्षा ७ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुले आधारभूत पोषण तथा सरसफाइवारे ज्ञान पाउने छन। | | | | |

| | | | | |
|---|---|---|---|---|
| करेसावारी प्रवर्धन सबै वडाका आमा समुह वा कृषक समुह मार्फत कम्तिमा ७० प्रतिशत घरपरिवारले आफ्नै करेसावारीवाट बाहैमास प्रङगारिक तरकारी उत्पादन गर्नेछन । | | | | |
| आमा तथा कृषक समुहमा सरसफाइवारे चेतना अभिवृद्धि गर्ने (सामाजिक परिचालक र स्वास्थ कर्मी) | | | | |

**क्षेत्रगत प्रतिफल: खाद्य तथा उत्पादनका साधन श्रोतहरुको पहुँच वृद्धि**

| प्रतिफल | बार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | जम्मा |
| सबै वडासंग कृषि सडक संजाल सुधार गरि कृषि उत्पादन तथा समग्रीको वजार संगको पहुँच बढ्ने छ । (सडक कि मि मा) | १० | १० | १० | ३० |
| सबै वडाहरुमा सिचाईको लागी बोरीङ, ह्यान्ड पम्प र साना सिँचाइ योजना क्रमस रुपमा नगरपालिकाको वार्षिक कार्यक्रम राखिने छ । | १ | २ | २ | ५ |
| करेसाबारी तरकारी खेति, फलफुल खेति र माछा पालन को लागी सिँचाइ पलाष्टिक पोखरी, उन्नत प्रविधीहरुको विस्तार गरिनेछ । | १ | २ | २ | ५ |
| नगरपालिकाले कृषि वजारको स्थापना गरि नजिकका सहरहरुमा फलफूल, दुध पदार्थ तथा अन्य खाद्य वस्तुहरुको वितरण गर्ने छ । | ० | २ | २ | ४ |

**क्षेत्रगत प्रतिफल: कृषि योग्य भूमिको दिगो व्यवस्थान तथा उपयोगभै उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।**

| प्रतिफल | बार्षिक लक्ष्य | | | |
|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | जम्मा |
| सबै वडा अन्तरगत निर्माणधिन कच्ची बाटोको उद्देश्यहरु वृक्षारोपण गरि माटाका संरक्षण गरिने (वार्षिक २० हजार बिरुवा रोपीनेछ) | २० | ४० | ४० | एक लाख |
| अमा समुह खानेपानी तथास्वास्थ्य समुह कृषक समुह र युबाको सक्रियतामा सर्वजनिक स्थानहरुमा वृक्षारोपण, बाताबरणिय सुसफाई स्वच्छ खानेपानीको ब्यबस्थापन तालिम सन्चालन गरिनेछ । | ८ | ८ | १४ | ३० |
| माटोको भूक्षय घटाउने तथा उर्वरा शक्ति बढाउनको लागि साधन खेती प्रणाली, कृषि वन तथा गैह्र सुधार कार्यक्रमलाई कृषक स्तरसम्म विस्तार गरिनेछ (कृषक तालिम १० वटा–करिव २०० कृषक सहभागी) | ५ | ५ | ५ | १५ |
| सहकारी खेती, कवुलियत वा करार खेती, सामुहिक खेतीलाई प्रोत्साहित गरी स्वरोजगार गराउने (५० युवाहरु) | | १० | १० | २० |

**पालिकाको ३ वर्षे कृषि विकास रणनितिको सोच तालिका**

| विवरणात्मक सङ्क्षेप | कार्यसम्पादन सूचकहरु | पुष्ट्याईका आधारहरु | जोखिम र अनुमान |
|---|---|---|---|
| लक्ष्य (Goal) | • योजनाको अन्त्य सम्म गुणस्तरीय उत्पादन सामग्रीहरुको सहज उपलब्धता देखि प्रशोधन र बजारिकरण सम्मका कृयाकलापहरु मार्फत मूल्य श्रृंखला मजबुत भएको हुने। | सर्वेक्षण प्रतिवेदनहरु, योजना समिक्षा दस्तावेजहरु, नगरपालिका प्रोफायल | |
| • समग्र कृषि विकासका एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि आधुनिकीकरण मार्फत नेत्रावति डबजोङ नगरपालिकाको समग्र आर्थिक विकासमा टेवा पुर्याउने। | • योजना अवधिभित्र प्रमुख खाद्यान्नमा नगरपालिका अत्मनिर्भर भएको हुने। | | |
| **उद्देश्य (Purpose)** | • अन्त्य सम्ममा कम्तिमा २० प्रतिशत ग्रामिण युवाहरू कृषि क्षेत्रमा अवद्ध भएको हुनेछ। | | |
| १. कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै स्थानीय रोजगारीका अवसरहरु सृजना गर्ने | • अन्त्य सम्ममा पालिकाका प्रमुख कृषि उपजहरूको कम्तीमा २ हे का १०० वटा पकेटहरू स्थापना भएको हुने। | | |
| २. नगरपालिकाको भौगोलिक र माटोको अवस्था अनुसार उपयुक्त बाली बस्तुहरूको पकेट क्षेत्र निर्धारण गर्ने | • अन्त्य सम्म पकेट अनुसारका कम्तीमा १५ बाली बस्तुहरूका मूल्य श्रृखला मजबुद भएको हुने। | | |

| | | | |
|---|---|---|---|
| ३. कृषि उत्पादन देखि बजारिकरण सम्मको समग्र मूल्य श्रृखला मजबुद बनाउने | | | |
| **प्रतिफल (Output)** | • कृषकहरूको क्षमता अभिवृद्धि भई व्यवसायिक कृषि अवलम्बन गरेको हुने | | |
| अवश्यक परिमाणमा विउ विजन, बेर्ना, विरूवा, मत्स्य भुराहरू त्पादन भएको हुने रासायनिक मलको सहज उपलब्धता भएकोहुने सिंचित क्षेत्रफलमा वृद्धि भएको हुने उन्नत पशु नश्लहरू, उचित पोषण, पशुरोगहरूको व्यवस्थापन भएको हुने स्थानीय वित्त संस्थाहरू मार्फत कृषिमा लगानी भएको हुने, | • सामुहिक खेती प्रवर्द्धन भएकोहुने | | |
| संकलन केन्द्रहरू स्थापना भएको हुने व्यवस्थित हाट बजारहरू स्थापना भएको हुने, स्थानीय तरकारी तथा फलफूल भण्डार गृह निर्माण भएको हुने। | • अवश्यक परिमाणमा विउ विजन, बेर्ना, विरूवा, मत्स्य भुराहरू उत्पादन भई ३ वर्षमा बिउ बेर्नामा अत्मनिर्भर भएको हुने | | |
| | • रासायनिक मलको सहज उपलब्धता र उचित प्रयोग मार्फत उत्पादन वृदि भएको हुने | | |
| | • सिंचित क्षेत्रफलमा वृद्धि भईकम्तीमा ९० प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको हुने | | |
| | • उन्नत पशु नश्लहरू, उचित पोषण, पशु रोगहरूको व्यवस्थापनले गर्दा कम्तीमा ५० प्रतिशत कृषकहरू व्यवसायिक पशु | | |

| | | | |
|---|---|---|---|
| | उत्पादनमा संलग्न भएको हुने | | |
| | • स्थानीय वित्त संस्थाहरू मार्फत कृषिमा कम्तीमा १० प्रतिशत लगानी भएको हुने | | |
| | • प्रत्येक वडामा कम्तीमा २ वटाको दरले संकलन केन्द्रहरू स्थापना भएको हुने | | |
| | • प्रत्येक वडामा कम्तीमा १ वटाको दरले व्यवस्थित हाट बजारहरू स्थापना भएको हुने | | |
| | • कम्तीमा २ वटा स्थानीय तरकारी तथा फलफूल भण्डारगृह निर्माण भएको हुने | | |
| क्रियाकलाप (Activities) | लगानी (Input) | | |
| **नगरपालिकाको कृषि गणना** | नगरपालिकाको कृषि गणना | | |
| कृषि उत्पादन र उत्पादकत्व सम्बन्धी मौषमी तथ्याङ्क संकलन | कृषि उत्पादन र उत्पादकत्व सम्बन्धी मौसमी तथ्याङ्क संकलन | | |
| व्यवसायिक, व्यवसाय उन्मुख, सिमान्तकृत कृषक परिचयपत्र वितरण | व्यवसायिक, व्यवसाय उन्मुख, | | |
| कृषकहरूको क्षमता विकास तालिम | सीमान्तकृत कृषक परिचय पत्र वितरण | | |
| कृषि प्राविधिकहरूको क्षमता विकास तालिम | कृषकहरूको क्षमता विकास तालिम | | |
| जग्गा चक्लाबन्दी गरि सामुहिक खेती प्रोत्साहन | कृषि प्राविधिकहरूको क्षमता विकास तालिम | | |
| स्थानीय भूमि करार सेवा इकाइ स्थापना | जग्गा चक्लाबन्दी गरि सामुहिक खेती प्रोत्साहन | | |

| | | | |
|---|---|---|---|
| भूमिबिहिनहरूका लागि करार खेतीमा सहजिकरण | स्थानीय भूमि करार सेवा इकाइ स्थापना | | |
| सार्वजनिक जग्गामा व्यवसायिक कृषि प्रवर्द्धन | भूमिहिनहरूका लागि करार खेतीमा सहजीकरण | | |
| निजी नर्सरी स्थापना सहयोग | सार्वजनिक जग्गामा व्यवसायिक कृषि प्रवर्द्धन | | |
| वीउ उत्पादन समुह सहकारी स्थापना | खाद्यान्न, तरकारी, फलफूल, दलहन बालीका मूल्य श्रृखला विकास | | |
| **हाइब्रिड र उन्नत विउ वितरण** | | | |
| एग्रोभेट सन्चालन सहयोग | प्रत्येक वडामा समुहमा आधारित कृषि सेवा केन्द्र स्थापना | | |
| स्थानिय सहकारीहरूलाइ रासायनिक मल कारोवारमा प्रोत्साहन | निजी तथा समुहमा नर्सरी स्थापना सहयोग | | |
| रासायनिक मल ढुवानी सहयोग | वीउ उत्पादन समुह सहकारी स्थापना | | |
| रासायनिक मल जगेडाका लागि गोदाम घर निर्माण | हाइब्रिड र उन्नत विउ वितरण | | |
| एकिकृत खाद्यतत्व व्यवस्थापन सम्बन्धी तालिम | एग्रोभेट सन्चालन सहयोग | | |
| सतह सिंचाइ संरचनाहरू निर्माण र मर्मत संभार | स्थानिय सहकारीहरूलाई रासायनिक मल कारोवारमा प्रोत्साहन | | |
| आधुनिक सिंचाइ प्रविधिहरू जडान, स्प्रिङकलर | रासायनिक मल ढुवानी सहयोग | | |
| माटोको अवस्था परिक्षण | रासायनिक मल जगेडाका लागि गोदाम घर निर्माण | | |
| भकारो सुधार एवं प्रांगारिक मलको प्रयोग सहयोग | खाद्यतत्व व्यवस्थापन सम्बन्धी तालिम | | |
| माटोको खाद्यतत्व विश्लेषणका लागि माटो परिक्षण शिविर सन्चालन | सतह सिंचाइ संरचनाहरू निर्माण र मर्मत संभार | | |
| एकिकृत खाद्यतत्व व्यवस्थापन सम्बन्धी तालिम | डिप ट्युववेल जडान, स्यालो ट्युववेल जडान | | |

| | | | |
|---|---|---|---|
| स्थानीय पशुहरूको नश्ल सुधार कार्यक्रम (कृत्रिम गर्भाधान, उन्न्त नश्लका साँढे, राँगो, बोकाहरू वितरण) | आधुनिक सिंचाइ प्रविधिहरू जडान (ड्रिप, स्प्रिङकलर) | | |
| उन्नत नश्ल भैंसी, गाई, बाख्राहरू वितरण सहयोग | माटोको अवस्था परिक्षण | | |
| पशुरोग निदान र उपचार कार्यक्रम | भकारो सुधार एवं प्रांगारिक मलको प्रयोग सहयोग | | |
| पशुपंक्षि नियमित खोप कार्यक्रम | माटो स्वास्थ्य परिचय पत्र वितरण | | |
| डालेघास प्रवर्द्धन कार्यक्रम | माटोको खाद्यतत्व विश्लेषणका लागि घुम्ती माटो शिविर सन्चालन | | |
| दुग्ध संकलन केन्द्रहरू स्थापना सहयोग | एकिकृत खाद्यतत्व व्यवस्थापन सम्बन्धी तालिम | | |
| दुग्ध ढुवानी सहयोग | स्थानीय पशुवस्तुहरूको नश्ल सुधार कार्यक्रम (कृत्रिम गर्भाधान, उन्नत नश्लका साँढे, राँगो, बोकाहरू वितरण) | | |
| कृषक समुह सहकारी गठन, सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना | उन्नत भैसी, गाई, माछा, बाख्राहरू वितरण सहयोग | | |
| भूमि करार सहजिकरण इकाइ स्थापना | पशुरोग निदान र उपचार कार्यक्रम | | |
| कृषि सूचना तथा कृषक अन्तरक्रिया चौतारी स्थापना | पशुपन्छी नियमित खोप कार्यक्रम | | |
| महिलामैत्री कृषि यन्त्र, औजार र उपकरण वितरण | डालेघाँस प्रवर्द्धन कार्यक्रम | | |
| सामुदायिक कृषि यन्त्र, औजार र उपकरण सेवा केन्द्र (custom hiring center)हरुको स्थापना तथा संचालन सहयोग | दुग्ध संकलन केन्द्रहरू स्थापना सहयोग | | |
| बिमा समितिसँगको समन्वयमाअभिमुखीकरण तथा विमा अभिकर्ता तालिम | दुग्ध ढुवानी सहयोग | | |
| विमा कम्पनीहरुलाइ स्थानीय स्तरमा बाली तथा पशुविमा उत्प्रेरणासहयोग | कृषक समुह सहकारी गठन | | |
| स्थानीय भाषामा कृषि सम्बन्धी जानकारी | मुल्य श्रृखला संजाल विकास | | |

| | | | |
|---|---|---|---|
| सुचनाहरू स्थानीय एफएम, पत्रपत्रिका, नागरीक समाज | सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना | | |
| स्थानीय स्तरमा किसान कल सेन्टरहरू स्थापना सहयोग | भूमि करार सहजीकरण इकाई स्थापना | | |
| स्थानीय वित्तिय संस्थाहरूलाइ कृषिमा लगानी प्रोत्साहन सहयोग | कृषि सूचना तथा कृषक अन्तरक्रिया चौतारी स्थापना | | |
| नगरपालिका कृषक गुनासो सुनुवाइ कक्ष स्थापना | महिलामैत्री कृषियन्त्र, औजार र उपकरण वितरण | | |
| स्थानीय आधुनिक दुग्ध संकलन केन्द्र स्थापना सहयोग | सामुदायिक कृषि यन्त्र, औजार र उपकरण सेवा केन्द्र (custom hiring center)हरुको स्थापना तथा संचालन सहयोग | | |
| स्थानीय हाट बजार व्यवस्थापन उपज ढुवानी सहयोग जिप, ठेला खरिदमा सहयोग ) | बिमा समितिसँगको समन्वयमा अभिमुखीकरण तथा विमा अभिकर्ता तालिम | | |
| सामुहिक बजारिकरण सहयोग | विमा कम्पनीहरुलाई स्थानीय स्तरमा बाली तथा पशु विमा उत्प्रेरणा सहयोग | | |
| कृषि बजार सुचना प्रणाली विकास | स्थानीय भाषामा कृषि सम्बन्धी जानकारी, सुचनाहरू स्थानीय एफ.एम. समेतको सहकार्यमा उत्पादन तथा प्रसारण | | |
| स्थानीय तरकारी तथा फलफूल भण्डार गृह निर्माण | स्थानीयस्तरमा किसान कल सेन्टरहरूको स्थापना सहयोग | | |
| सहयोग दैनिक बजार मूल्य सुचना प्रकाशन | स्थानीय वित्तिय संस्थाहरूलाई कृषिमा लगानी प्रोत्साहन सहयोग | | |
| | कृषक गुनासो सुनुवाइ कक्ष स्थापना | | |
| | स्थानीय संकलन केन्द्र स्थापना सहयोग | | |
| | स्थानीय हाट बजार व्यवस्थापन | | |
| | उपज ढुवानी सहयोग (जिप, रिक्सा, ठेला खरिदमा सहयोग) | | |
| | सामुहिक बजारिकरण सहयोग | | |

| | | | |
|---|---|---|---|
| | संरक्षित संरचनाहरू निर्माण | | |
| | कृषि बजार सुचना प्रणाली विकास | | |
| | स्थानीय तरकारी तथा फलफूल आधुनिक भण्डार गृह निर्माण सहयोग | | |
| | दैनिक बजार मूल्य सूचना प्रकाशन | | |
| | कृषि पर्यटन उद्योग | | |
| | बाँसमा आधारीत उद्योग | | |

**संम्भावित चुनौती तथा न्यूनीकरणका उपायहरु**

| नतिजा क्षेत्रहरु | चूनौतीहरु | चूनौती न्यूनीकरण विधि तथा उपायहरु |
|---|---|---|
| नतिजा १. लक्षित समुदायको खाद्य उत्पादन तथा उत्पादनका श्रोत, साधनको अधिकक्षम उपयोग भइ खाद्य उपलब्धतामा वृद्धि भएको हुनेछ। | समुदाय स्तरमा विद्यमान कृषक समुह, आमा समुह वाल क्लव, सामुदायिक वन उपभोक्त समिति विभिन्न समिती तथा सहकारीहरुलाई संस्थागत रुपमा व्यवस्थीत गरि विकाश निर्माण कार्यमा सहभागी गराउनु पर्ने चूनौती देखिएको छ भने उक्त समुह÷समिती÷सहकारीहरुलाई खाद्य उत्पादन वितरण तथा वजार संगको संजाल विस्तार गरि आधारभूत सेवा समुदायसम्म पुयाउने र स्थानिय सरकार संगको साझेदार वलियो बनाउनु पर्ने चूनौती छ। | · यि चुनौतीहरुको सामन गर्न नगरपालिकाले विद्यमान सामुदायिक समुहका पहिचान गरि नगरपालिका संग आवद्ध गराउने रणनिती लिनेछ। |
| | | · नगरपालिका संग आवद्ध समुहहरुको क्षमता अध्ययन गरि उनीहरुलाइ विकाश निर्माण तथा उत्पादन क्षेत्रमा परिचालन गर्न। यस गा.पा.मा कार्यरत गैह सरकारी संस्थाहरु संग गा.पा. ले सहकार्य गरि 'सामाजिक परिचालक'को उपयुक्त व्यवस्था मिलाउने छ। वार्षिक रुपमा गा.पा. ले समुहको कार्यसम्पदा मुल्या |

| | | |
|---|---|---|
| | | ङकन गरि राम्रो काम गर्ने समुह समितीलाइ थप कार्यक्रमहरु तथा वजेट उपलब्ध गराइ सम्मान गर्ने रणनिती अवलम्वन गर्नेछ। |
| नतिजा २ | युवा जनशक्ती गाउँवाट विस्तारै पलायन भैरहेको अवस्थामा उनीहरुलाई कृषि व्यवसाय क्षेत्रमा आर्कषण गर्नु र स्वरोजगार मुलक व्यवसायिक शिप दिइ रोजगारी बढाउनु ठूलो चूनौति छ। स्वरोजगार संग आर्थिक लगानीको अवसर तथा युवा उद्यमीहरुलाई वित्तिय क्षेत्र संगको पहुँच तथा लगानी बढाउन अर्को चूनौती रहेको छ। त्यस्तै भूमी हिन किसानहरु जो संग पूजी छैन र सिमान्तकृत जीवन शैलीमा बाँचिरहेको छन उनीहरुलाई उपयुक्त शीप तथा ततबचतगउ पूजी उपलब्ध गराइ आर्थिक उपार्जनका क्षेत्रमा आर्कषण गर्नु उत्तिकै अप्ठेरो छ। | नगरपालिकाले रोजगारी तथा स्वरोजगारीको क्षेत्रहरुको अध्ययन गरि ति क्षेत्रहरुमा युवाहरुको क्षेमता बढाइ उनीहरुलाई स्वरोजगारीका अवसर शृजना गर्नेछ। |
| युवा महिला तथा आर्थिक सामाजिक रुपमा पछाडी रहेका समुदायको आर्थिक अवसर तथा पहुँच वृद्धि भइ खाद्य अधिकार सुनिश्चीत भएको हुनेछ। | | तालिम प्राप्त युवाहरुको व्यवसायिक योजनाका आधारमा गा.पा.ले व्यवसाय सञ्चालनका लागि वित्तिय संस्थाहरु संग ऋणका लागि सिफारीस गर्ने तथा उक्त ऋणको सहि उपयोग भए,नभएको अनुमन गर्ने छ। साथै नपाले व्यवसायिक योजनाका आधारमा न्यून आर्थिक स्थिती भएका र सामाजिक रुपमा पछाडी रहेका युवाहरुलाई व्यवसाय सञ्चालन गर्न आर्थिक अनुमन सहयोग गर्ने रणनीती लिनेछ। |

| | | |
|---|---|---|
| नतिजा ३ | संविधानले खाद्य अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरे अनुसार झण्डै ७९६ घर परिवार भोकमरी तथा गरिवीको अवस्थामा छन भने उनीहरुको आर्थिक अवस्था सुधार गरी सून्य भोकमरीमा ल्याउनू चूनौतीपूर्ण रहेको छ। | कृषि तथा पशु जन्य उत्पादन वृद्धि गरि आधारभूत खाद्यवस्तुको आपूर्ति बढाउने । |
| आमा तथा बालवालिकाको पोषणको अवस्था सुधार भएको हुनेछ। | त्यस्तै बालवालिका तथा मातृ मुल्य घटाइ, उनीहरुको पोषणको अवस्था सुधार गर्नु सफा खानेपानी तथा घरपरिवारको सरसफाइ तथा खानपानमा सुधार ल्याउनु अर्को चूनौती छ। अनियन्त्रीत रुपमा बढेको जीवनासक विषादीको प्रयोग तथा पत्रु खानाले पोषण तथा वालवालिकाको स्वास्थ्यमा पार्ने नकारत्क असरवारे जनचेतना अभिवृद्धी गर्नु, आद्यन्नको गुणस्तर सुधार तथा जलवायु परिवर्तनले खाद्य तथा पोषण सूरक्षामा देखिएको जोखिम न्यून गर्नु पर्ने चूनौतीहरु छन। | भोकमरी र गरिवीमा रहेका परिवारको पहिचान गरि उनीहरुको आर्थिक स्थिती सुधार तथा पोषण युक्त खाद्यान्नको पहुँच बढाँउने। |
| | | बडदो रुपमा पत्रु खानाको प्रयोग सरसफाइ तथा आहरमा जनचेतना वृद्धि गर्ने। |
| | | कृषिमा देखिएका रासायनिक विषदीको नियन्त्रण तथा खाद्य उत्पादन तथा प्राङगारिक मलमा जोड दिने। |
| | | आपतकालिन अवस्था तथा भोकमरीवाट मुक्त गराउने पालिका ले 'सामुदायिक अन्न भण्डार' को व्यवस्था गरि सधै भरी सबैका लागि खाद्यान्न उपलब्ध गराउन |
| | | 'एक घर एक करेसाबारी' लाई सबै घरपरिवारमा पुर्याउने |
| नतिजा, ४ खाद्य तथा उत्पादनका साधन, श्रोतहरुको पहुँच वृद्धि गर्न बाटो, जलश्रोत विद्युतीय सेवा, | पूर्वाधार विकाश विशेषगरी बाटो, सिंचाइ तथा विद्युतीय सेवा निकै खचिलो भएकाले पालिकाको आर्थिक अवस्थाले धान्न सक्दैन। भौगोलिक रुपमा छरिएर रहेका वस्तीमा सडक विस्तार निकै चूनौती छ । | पूर्वाधार विकाशले नै आर्थिक संवृद्धि बढाउन सक्ने भएकाले क्रमश पूर्वाधार निर्माणमा जोड दिदै जाने। |

| | | |
|---|---|---|
| सञ्चारको विस्तार गरि कृषि वजार र खाद्य वितरण प्रणाली सुदृढ भएको हुनेछ। | | |
| | पूर्वाधार विकाशमा जन सहभागिता जुटाउनु सार्वजनिक सम्पतीको संरक्षण तथा मरमत सुधारमा जनचासो तथा सहभागिता बढाउनु अर्को चूनौती छ। पूर्वाधार विकाशमा निजी क्षेत्रको लगानी बढाउन पनि निकै चूनौती छ। | सूरक्षित यातयात, कृषि, उद्योग व्यापार शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच बढाउने गरि यातयात विस्तार गरिने छ। |
| | | बन्यजन्तुवाट प्रभावित ब्यक्ति र संरचनाहरुको यथाशीघ्र क्षतिपुर्ती संरचना निमोण गरि पिडित समुदाय व्यक्ति, परिवारको जनजीवन प्रकोप पूर्वको अवस्था पुयाउने। |
| नतिजा ५ कृषि योग्य भूमिको दिगो व्यवस्थान तथा उपयोग भइ उत्पादकत्व वृद्धि भएको हुनेछ। | | |

## **९. संस्थागत संरचना**

नेपालको संविधान २०७२ वमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्ने "स्थानीय सरकार संञ्चालन ऐन २०७४" नेपाल सरकारद्धारा जारी भै सोही अनुरुप स्थानीय सरकारले आफ्नो नीती तथा कार्यक्रमहरु सञ्चालन गरिसकेको सर्दभमा खाद्य तथा पोषण सूरक्षा योजना यिनै नीती तथा कार्यक्रम अन्तरगत कार्यान्वयन हुनेछ। नेपालको संविधानले खाद्य सूरक्षा, खाद्य अधिकार मौलिक हकको रुपमा व्याख्या गरिएको सन्दर्भमा नेपाल सरकारद्वारा खाद्य अधिकार तथा खाद्य संम्प्रभूता संवन्धि त ऐन २०७५ जारी भ ैसकेको छ। यस ऐनको दायराभित्र रहि पालिकाले नागरिकको खाद्य सँग सम्बन्धित हक तथा अधिकार प्रत्य ाभुतिका लागि यो खाद्य तथा पोषण सूरक्षा योजना तर्जुमा गरि कायन्वयन गर्न गइरहेको छ।

खाद्य सूरक्षा तथा खाद्य अधिकारको फराकिलो दायरा भएकाले पालिकाका सबै विषयगत क्षेत्रका समुदाय, समूह तथा जानकार व्यक्ति/वर्गसँगको समन्वय र सहभागिता आवश्यक छ। सबै विषयगत क्षेत्रहरुसंग समन्वय र योजनाको प्रभावकारी कार्यान्वयनका लागि **खाद्य अधिकार तथा खाद्य सम्प्रभूत सवन्धि ऐन २०७५**' मा व्यावस्था भए अनुसार

पालिकामा खाद्य समन्वय समिती गठन हुनेछ। यस समितीले स्थानीय स्तरमा खाद्य सूरक्षा खाद्य आपूर्ति तथा वितरण प्रणालीलाई सहज बनाई प्रभावकारी अनुगमनको व्यावस्था गर्नेछ।

## १०. अनुगमन तथा मुल्याङ्कन

विकास योजना नीती तथा कार्यक्रमहरुलाई प्रभावकारी नतिजामूखी र जवाफदेहि वनाउन अनुगमन तथा मुल्याङ्कन आवश्यक छ। नपाले यस पोषण तथा खाद्य सूरक्षा योजना नतिजामूलक वनाउन अनुगमन निर्देशीका अनुरुप नीति कार्यान्वयनको अनुगमन गर्नेछ। यसैगरि सबै विषयगत विकास कार्यक्रमहरुको प्रगती प्रतिवेदन तथा नियमित समीक्षा गर्न सूचना प्रणालीको प्रयोग तथा सफ्टवेयर विकास गरि सबै खालका सूचनाहरु अध्यावधिक गरिनेछ। विद्यमान जनशक्तिको अनुगमन क्षमता वृद्धि गर्न तथा अनुगमन पद्धती निर्माण गरि कार्यक्रम कार्यान्वयन प्रभावकारी वनाइने छ। सामुदाय स्तरमा सबै समुह तथा सहकारीहरुले नियमीत रुपमा समीक्षा गर्ने तथा वडा स्तरिय समीक्षा तथा चौमाशिक प्रगती तथा कार्य योजना तर्जुमा गरि अनुगमन प्रणाली प्रभावकारी वनाउने रणनीती लिईने छ भने नपा स्तरमा मासिक, चौमाशिक तथा वार्षिक कार्ययोजना तथा प्रगती प्रतिवेदनहरु तयार गरि नियमीत समीक्षा गरीने छ।

त्यसैगरि **'खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५'** मा व्यवस्था भएअनुसार स्थानिय खाद्य समन्वय समितीले पोषण सूरक्षा कार्यक्रमको अनुगमन तथा समिक्षा गर्नेछ। साथै समितीले अनुगमन निर्देशीका अनुसार निकाय तथा विषयगत समितीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्नेछ। यस कार्यक्रमको मुल्याङकन हरेक वर्षमा गर्ने तथा खाद्य तथा पोषण सूरक्षा योजना पूनरावलोकन र अर्को पाँच वर्षको योजना तर्जुमा गर्नेछ।